United Nations
Educational, Scientific and
Cultural Organization

Japan
Funds-in-Trust

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# नीति

२

पैरवी निर्देशिका

२

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# नीति

इयान कप्लान र इन्ग्रीड लेविस

isbn 978-9937-9132-2-5

**प्रकाशक :**

युनेस्को बैंकक
शिक्षाका लागि एसिया तथा प्रशान्त क्षेत्रीय ब्यूरो
ममलुआङ पिन मलाकुल सेन्टेनरी भवन
९२० सुखुम्वित सडक, प्रकानोङ, क्लोङटोई
बैंकक १०११०, थाइल्यान्ड
APL/13/013-500

© युनेस्को २०१३
सर्वाधिकार सुरक्षित

ISBN 978-92-9223-439-3 (मुद्रण)
ISBN 978-92-9223-441-6 (इलेक्ट्रोनिक)

यस प्रकाशनका कुनै पनि सामग्रीका प्रस्तुतिहरूमा कुनै देशको कानुनी अवस्था या कानुनसँग सम्बन्धित सवालमा युनेस्कोको आफ्नो मनसाय रहेको छैन । त्यस्तै गरी कुनै देशको, खास सहर वा भौगोलिक क्षेत्रको सीमानासँग सम्बन्धित कुराहरूका बारेमा युनेस्कोले टिप्पणी गर्ने मनसायबाट पनि यी सामग्रीहरूमा कुनै पनि खालको प्रस्तुति गर्न खोजिएको छैन ।

यसमा उल्लेखित तथ्यहरूको छनोट र प्रस्तुतीकरणका लागि लेखकहरू जिम्मेवार छन् । त्यसै गरी यहाँ अभिव्यक्त भएका विचारहरूका सम्बन्धमा पनि उनीहरू जिम्मेवार छन्, जुन युनेस्कोका आधिकारिक धारणा नहुन सक्छन् र ती कुरामा यस संस्थाको जवाफदेहिता रहँदैन ।

सूचनाको व्यापक प्रचार-प्रसारका लागि युनेस्को बैंकक प्रतिबद्ध छ र त्यस उद्देश्यमा रहेर यो पुस्तिका वा अन्य प्रकाशित सामग्रीहरूको पुनरमुद्रण, पुनःप्रकाशन वा अनुकुलन (adaptation) अथवा अनुवादका लागि गरिने सोधपुछलाई सदैव स्वागत गरिन्छ । यसबारेमा विस्तृत जानकारी लिन ikm.bgk@unesco.org मा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रतिलिपि सम्पादक (copy-editor) : स्याण्डी ब्यारोन
डिजाइन ले आउट : वारेन फिल्ड

ISBN 978-9937-9132-2-5 (नेपाली भर्सन)
मुद्रण : क्वालिटी प्रिन्टर्स, काठमाडौं

# भूमिका

समावेशी शिक्षा वास्तवमा सम्पूर्ण सिकारु (विद्यार्थी) हरूको सिकाइमा सहभागिता बढाएर उनीहरूका विभिन्न प्रकारका आवश्यकताहरूलाई सम्बोधन गर्दै सिकाउने एउटा प्रक्रिया हो । यसमा उनीहरूका सिकाइ अनुभवहरू र सिकाइ उपलब्धिहरूको सबलीकरण गर्ने प्रक्रिया सँगसँगै चल्दछ र शिक्षामा हुने बहिस्करण (exclusion) लाई न्यून गरिन्छ । समावेशी शिक्षाका लागि काम गरिरहँदा "सबैका लागि शिक्षा" (Education for All) को साझा दूर दृष्टिबाट निर्देशित भएर शिक्षण सिकाइका विषयवस्तु, अवधारणाहरू (approaches), शैक्षिक प्रक्रिया, संरचना तथा रणनीतिहरूमा महत्त्वपूर्ण परिवर्तन तथा सुधार गर्नुपर्ने खाँचो पर्दछ । यस प्रक्रियामा शिक्षकहरूले आवश्यक भूमिका खेल्नुपर्ने अपरिहार्य छ ।

पूर्वसेवाकालीन (pre-service) शिक्षक शिक्षाले भविष्यका शिक्षकहरूलाई आवश्यक पर्ने ज्ञान, क्षमता र मूल्यहरू (values) प्रदान गर्नै पर्दछ, जसबाट उनीहरू आफ्नो कार्यथलोमा समावेशी सिकाइ वातावरणको निर्माण र विकास गर्न सकून् । तथापि हालसालै युनेस्कोको शिक्षाका लागि एसिया-प्रशान्त क्षेत्रीय ब्यूरो (युनेस्को बैंकक) द्वारा नेतृत्व गरिएको एक अध्ययनले निकालेको निष्कर्षअनुसार यस क्षेत्रका देशहरूमा हुने पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरूको पुनरावलोकन (review) गरी निकालिएको निष्कर्षअनुसार यस क्षेत्रका धेरै देशहरूमा सञ्चालन हुने पूर्वसेवाकालीन शिक्षक शिक्षाले आफ्ना स्नातकहरूलाई विद्यार्थीका विभिन्नताहरूको प्रभावकारी सम्बोधन गर्नसक्ने बनाउनका लागि धेरै कुराहरू गर्न अझै बाँकी छ ।

यस पृष्ठभूमिमा यो "समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" शीर्षकको यो प्रकाशनलाई युनेस्को बैंककले बाहिर ल्याएको छ । यसअन्तर्गत पाँचवटा पुस्तिकाहरू छन् : परिचय, नीति, पाठ्यक्रम, सामग्रीहरू र विधि । शिक्षक शिक्षालाई बढीभन्दा बढी समावेशी बनाउनका लागि पूर्वसेवाकालीन शिक्षक शिक्षामा परिवर्तन र सुधार गर्नेतर्फ पैरवी (advocacy) गर्न चाहने जोसुकैलाई पनि सहयोग पुगोस् भन्ने मनसायले यी सामग्रीहरू प्रस्तुत गरिएको छ । यी पुस्तिकाहरू हु-बहु लागू गर्नपर्ने निर्देशिका चाहिँ होइनन् बरु यिनले पैरवीकर्ताहरू (advocates) लाई केही उपायहरू अवश्य सुझाउँछन् – जसलाई आफ्नो विशिष्ट परिस्थिति र आवश्यकताअनुसार समायोजन गरी लागू गर्न सकिन्छ ।

यी सामग्रीहरूको प्रकाशनबाट एसिया-प्रशान्त क्षेत्रको शिक्षक शिक्षालाई सुधार गर्न र सबल तुल्याउन मद्दत पुग्छ भन्ने मैले आशा लिएको छु – जसबाट बढी समावेशी र गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्न सकियोस् ।

**ग्वाङ-जो किम**
निर्देशक
युनेस्को बैंकक

# कृतज्ञता

“समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका” को प्रकाशन वास्तवमा एउटा सामुहिक प्रयासको उपज हो । यस प्रयासमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तिहरूलाई युनेस्को बैंकक धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत प्रकाशित सेटअन्तर्गतका ५ वटा पैरवी निर्देशिकाहरूका लेखक ईन्याबलिङ एजुकेसन नेटवर्क (EENET) CIC का इयान कप्लान र ईन्ग्रिड लेविसलाई यस कामका लागि विशेष कृतज्ञता व्यक्त गरिन्छ । इयान र इन्ग्रिडले EENET CIC का माध्यमबाट मात्र होइन त्यसबाहिरबाट पनि समावेशी शिक्षाको सिद्धान्त र प्रयोगका सम्बन्धमा आफ्नो ज्ञान र विशेषज्ञतालाई बहुतै खुल्ला हृदयले प्रचारमा ल्याउनुभएको छ र यी पैरवी निर्देशिकाहरू (Advocacy guides) को विकास गर्ने क्रममा हामी उहाँहरूबाट साँच्चिकै लाभान्वित भएका छौं ।

त्यसै गरी बंगलादेश, कम्बोडिया, चीन, लाओ पिडि आर (Lao PDR), मंगोलिया, नेपाल, थाइल्यान्ड र भियतनामका अनुसन्धान टोलीमा रहेका व्यक्तिहरू पनि धन्यवादका पात्र हुनुहुन्छ – जो २००८–२००९ मा सम्पन्न पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रणालीहरूको गहन समीक्षा र अवस्था विश्लेषण (situation analysis) कार्यमा संलग्न हुनुभयो र २०१०–२०११ मा भएको पुनरावलोकन (follow up review) मा पनि काम गर्नुभयो अनि आ-आफ्नो देशका तर्फबाट प्रतिवेदन (country report) तयार पार्नुभयो । ती प्रतिवेदनहरूका आधारमा नै यी पैरवी निर्देशिकाहरू तयार गरिएको हो । त्यसै गरी २०१२ जुलाइमा बैंककमा सम्पन्न “गुणस्तरीय शिक्षक शिक्षाका माध्यमबाट एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षा” विषयक युनेस्कोद्वारा आयोजित विज्ञहरूको बैठकका सहभागीहरूप्रति पनि हामी आभारी छौं । उहाँहरूको अमूल्य सल्लाह तथा सुझावबाट यी निर्देशिकाहरूलाई यस रूपमा ल्याउन महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा काम गरेका धेरै विशेषज्ञहरूले आफ्नो महत्त्वपूर्ण समय दिएर पैरवी निर्देशिका पुस्तिकाहरूमा प्रतिक्रिया तथा राय-सुझाव प्रदान गर्नुभएको छ । यसरी प्राप्त प्रत्येक राय-सुझाव र प्रतिक्रियाहरू यी निर्देशिकाहरूलाई स्तर सम्पन्न बनाउनका लागि सहायक सिद्ध भएका छन् । उहाँहरूले दिनुभएको समय, दक्षता र यस कार्यमा देखाउनुभएको उत्साहका लागि युनेस्को बैंकक हार्दिक आभार व्यक्त गर्दछ । यी व्यक्तिहरू हुनुहुन्छ : विशेष आवश्यकता शिक्षाको विकासका लागि युरोपेली नियोग (European Agency for Development in Special Needs Education) का सेल्डन सेफर, अमन्डा वाट्किन्स् र भेरिटि डोन्ली । त्यसै गरी Summer Institute of Linguistics का क्याथरिन योङ र किर्क पर्सन अनि वर्ल्ड अफ ईन्क्लुजन (World of Inclusion) का रिचार्ड राईजर, युनिसेफ न्युयोर्कका स्टेफानेइ होज तथा कोन कयोन विश्वविद्यालयका पेन्नी नरोट पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यसका अतिरिक्त युनेस्कोमा कार्यरत धेरै साथीहरूको सल्लाह-सुझाव एवम् प्रतिक्रियाका साथै महत्त्वपूर्ण सहयोगबाट पनि यी पैरवी निर्देशिकाहरूको स्तर वृद्धिमा सहयोग पुगेको छ । शिक्षाको अन्तर्राष्ट्रिय

ब्यूरो (International Bureau of Education), युनेस्कोको मुख्यालयमा रहेको आधारभूत शिक्षा शाखा (Section for Basic Eduation) का साथै बेइजिङ, ढाका, हनोइ, काठमाडौं तथा नोम पेन् (Phnom Penh) मा रहेका युनेस्कोका अफिसहरूमा कार्यरत हाम्रा साथीहरूले यसका लागि ठूलो सहयोग गर्नुभएको छ । युनेस्को बैंककमा हाल कार्यरत र विगतमा काम गर्नुभएका साथीहरूको निरन्तर सहयोगबिना यो कार्य सम्पन्न हुने थिएन । उहाँहरूलाई पनि हामी सधैँजस्तै गरी हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छौं ।

अन्तमा हामी "सबैका लागि शिक्षा र दिगो विकासका लागि शिक्षा तर्फ गुणस्तरीय शिक्षक शिक्षालाई पुनःनिर्देशित गर्ने" (Reorienting Quality Teacher Education Towards Education for All and Education for Sustainable Development) परियोजनाको सञ्चालनका लागि आर्थिक सहयोग जुटाइदिएकामा जापानको शिक्षा, संस्कृति, खेलकूद, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षक शिक्षा सुनिश्चित गर्नका लागि यस कार्यले पुऱ्याउने फाइदाको लागि उहाँहरूले गर्नुभएको यो सहयोगको हामी विनम्रतापूर्वक खुला दिलले सराहना गर्छौं ।

# विषय-सूची


**परिचय** ........ **१**

नीति भन्नाले के बुझिन्छ ? ........ १

किन नीति एक महत्त्वपूर्ण पैरवी मुद्दाको रूपमा रहेको छ ? ........ १

किन नीति निर्माणका लागि पैरवीको महत्त्वपूर्ण भूमिका हुन्छ ? ........ २

कसरी नीतिहरूलाई विश्लेषण गर्न सकिन्छ ? ........ २

**चुनौती-१ : समावेशी शिक्षाको सचेतना र बुझाई** ........ **५**

अवस्थाको विश्लेषण ........ ५

पैरवी उद्देश्यहरू ........ ५

**चुनौती- २ : सहयोग र समन्वय** ........ **१०**

अवस्थाको विश्लेषण ........ १०

पैरवी उद्देश्यहरू ........ ११

**चुनौती - ३ : नीति कार्यान्वयन** ........ **१४**

अवस्थाको विश्लेषण ........ १४

पैरवी उद्देश्यहरू ........ १५

**चुनौती - ४ : सामाजिक-आर्थिक स्थिति** ........ **१८**

अवस्थाको विश्लेषण ........ १८

पैरवी उद्देश्यहरू ........ १९

पैरवीको सकारात्मक प्रभाव भए नभएको कुरा कसरी भन्ने ? ........ २०

अनुसूची ........ २१

# परिचय

समावेशी शिक्षाको प्रवर्धनका विभिन्न पाँच शृङ्खलाहरूमध्ये यस 'नीति' शृङ्खला पैरवी निर्देशिकाको दोस्रो भाग हो । यसलाई छुट्टै वा अन्य चार नीतिगत निर्देशिकाहरू : परिचय, पाठ्यक्रम, सामग्री र विधिसँग संयुक्त रूपमा प्रयोग गर्न सकिन्छ ।

यस निर्देशिकाले शिक्षक शिक्षा नीतिमा रहेका चुनौतीहरू र अप्ठ्याराहरूलाई जोड दिएको छ । यसले शिक्षक शिक्षा संस्थाहरू, शिक्षा मन्त्रालय र अरू मुख्य शिक्षा सरोकारवालाहरूलाई रणनीति बनाउन र समाधानका उपायहरू खोज्न मद्दत गर्दछ । साथै यसले समावेशी नीतिहरूको वकालत गर्न र तिनको अनुकूलन, विकास र कार्यान्वयन गर्न मद्दत गर्दछ ।

## नीति भन्नाले के बुझिन्छ ?

विस्तृत रूपमा नीति भन्ने शब्दको अर्थ नियम, कानुन र सिद्धान्तहरू भन्ने बुझिन्छ जसले व्यक्ति, समूह र संस्थाहरूका विभिन्न अभ्यासहरू जस्तै : समावेशी शिक्षाका अभ्यासहरूलाई निर्देशन गर्दछ ।

प्रायःजसो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूले साझा सिद्धान्त र प्रतिबद्धताहरूको सुरुआत गर्दछन् र तिनबाट विशिष्ट नियम र प्रक्रियाहरूको निर्माणका लागि निर्देशन प्राप्त हुन्छ । नीतिलाई अभ्यासमा ल्याउनु (अर्को शब्दमा भन्दा नीतिका अपेक्षित असरहरूलाई यथार्थमा रूपान्तरण गरिने प्रक्रिया) भन्नाले यस पैरवी निर्देशिकामा 'नीतिको कार्यान्वयन' भनेर जनाइएको छ ।

नीतिहरूबारे विचार गर्नु भनेको कुनै पनि नियम, कानुन र सिद्धान्तहरूको व्याख्या गर्ने विषयवस्तुका बारेमा सोच्नुभन्दा बढी चिन्तन गर्नु हो । साथै यसले विचार, विमर्श, मानिसहरूका बीचको अन्तर्क्रिया र बहसलाई समेत बुझाउँछ जसले नीतिहरूको संरचना गर्ने अवधारणा र विचारहरूलाई निश्चित आकार दिन्छन् । कुनै पनि नीतिलाई जस्तै स्थिर वा अचल र ढुङ्गामा लेखिएको वस्तुको रूपमा बुझ्नु हुँदैन यो त एक गतिशील प्रक्रियाको अङ्गका रूपमा लिइनुपर्दछ । यद्यपि यस पैरवी निर्देशिकाले शैक्षिक नीतिका मुद्दाहरू र समावेशी शिक्षालाई विशेष जोड दिए तापनि कुनै पनि शैक्षिक नीति एक्लै अस्तित्वमा नहुने कुरा मनन गर्नु नितान्त आवश्यक छ । यो त व्यापक परिवेश र आर्थिक एवम् सामाजिक नीति निर्माणको अंशका रूपमा रहन्छ[1] । समावेशी शिक्षाको विकास समावेशी आर्थिक एवं सामाजिक विकाससँग अन्तरसम्बन्धित छ । संयुक्त रूपमा समावेशी समाजको निर्माण गर्न यीनिहरूको अहम् भूमिका रहन्छ ।

## किन नीति एक महत्वपूर्ण कार्यान्वयन मुद्दाको रूपमा रहेको छ ?

नीतिहरूको विकास र कार्यान्वयन गर्नु मात्र सरकारी मन्त्रालयहरूको प्राप्ति होइन । समावेशी शिक्षालाई प्रभाव पार्ने नीतिको निर्माण बारेमा क्षेत्रीय, राष्ट्रिय, राज्यगत र स्थानीय स्तरमा नीतिहरू निर्माण गर्न सकिन्छ । यी तहमा नीति निर्माण गर्दा शिक्षक, शिक्षा प्रदायक संस्थाहरू र विद्यालयसमेतलाई संलग्न गराउन सकिन्छ । जसरी

1. Lall, M. 2007. A Review of Concepts from Policy Studies Relevant for the Analysis of EFA in Developing Countries Create pathways to Access - Research Monograph No. 11 . London, Institute of Education.

शैक्षिक र सामाजिक एवम् आर्थिक नीतिहरूले सबै शिक्षा सरोकारवालाहरूको अभ्यास र जीवनमा प्रत्यक्ष प्रभाव पार्दछन्, समावेशी शिक्षाको प्रवर्धनको सफलता पनि स्पष्ट र अर्थपूर्ण नीतिहरूमा भर पर्दछ। यस्ता नीतिबाट नै सहयोग, सुरक्षा र निर्देशन प्राप्त हुन्छ।

यहाँ जिम्मेवारीको मुद्दा महत्त्वपूर्ण छ। किनकि सबै पेसागत व्यक्तिहरूले सबै तहमा समावेशी शिक्षाप्रतिको आफ्नो योगदान र जिम्मेवारीप्रति सचेत भई तिनलाई स्वीकार गर्न सक्नुपर्दछ। सचेतना प्रवर्धन गर्न नीतिको स्पष्ट भूमिका हुन्छ। यस्ता नीतिले पेसागत व्यक्तिहरूलाई आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा बहन गर्न सघाउँछन्।

## किन नीति निर्माणमा पैरवीको महत्त्वपूर्ण भूमिका हुन्छ ?

सैद्धान्तिक रूपमा समावेशी शिक्षाको कार्यान्वयन सरल र सहज देखिन सक्छ तर अभ्यासमा हेर्दा विद्यालय र शिक्षक शिक्षा संस्थाहरूमा शिक्षालाई समावेशी बनाउनु चुनौतीपूर्ण छ। यसको मुख्य कारण नीति निर्माण र कार्यान्वयनको प्रभाव शिक्षा सरोकारवालाहरूको क्षमता र विज्ञतामा भर पर्दछ। समावेशी शिक्षासम्बन्धी कुनै पनि नीतिहरूको अपेक्षित फल प्राप्त गर्न नीति निर्माताहरू र शिक्षक प्रशिक्षकहरू, विद्यार्थी शिक्षकहरू, शिक्षकहरू, अभिभावक परिवारहरू, सामुदायिक र धार्मिक नेताहरू[2] लगायत अन्य सरोकारवालाहरूबीच अर्थपूर्ण र दीर्घकालीन समन्वय हुनु आवश्यक छ। तसर्थ समावेशी शिक्षाका नीतिहरूलाई प्रभावकारी रूपमा अभ्यासमा परिणत गर्न र सिकाइ एवम् सिकारुहरूमा सार्थक प्रभाव पार्नका लागि नीतिहरूमा स्पष्टता, व्यापकता र सरोकारवालाहरूको यथार्थसँग सम्बद्धता हुनु जरुरी छ।

शिक्षा नीतिहरूको विकास र कार्यान्वयन गर्न नीतिनिर्माताहरूलाई सबै तहहरूमा उपयुक्त मार्गदर्शन र सहयोगको खाँचो पर्दछ। जसका कारण अपेक्षित उपलब्धिहरू प्राप्त गर्न सकिन्छ। यस्तो अवस्थामा मात्र शिक्षालाई बढी समावेशी बनाउन सकिन्छ। पैरवीका माध्यमबाट यस प्रकारको मार्गदर्शन र सहयोग प्राप्त हुन्छ। यसबाट विभिन्न शिक्षा सरोकारवालाहरूलाई आफ्नो मतमार्फत नीति निर्माण गर्ने अवसर प्राप्त हुन्छ। यस्तो प्रयासबाट प्रभावकारी नीति निर्माण गर्न र त्यसलाई अभ्यासमा परिणत गर्न सकिन्छ।

## कसरी नीतिहरूलाई विश्लेषण गर्न सकिन्छ ?

नीतिहरूको विश्लेषण गर्ने कार्य केवल नीति निर्माताहरू र अनुसन्धानकर्ताहरूमा मात्र सीमित रहनु हुँदैन बरु यस कार्यमा विभिन्न शिक्षा सरोकारवालाहरूको सहभागीता हुनु जरुरी हुन्छ। सरकारी मन्त्रालयका कर्मचारीहरू, शिक्षक प्रशिक्षकहरू, विद्यार्थी शिक्षकहरू, शिक्षकहरू र अन्य विद्यालयका परिवारहरूले विद्यमान नीतिहरूलाई अध्ययन गर्नु र बुझ्नु जरुरी छ। साथै तत्कालीन नीतिहरूलाई बुझेपछि मात्रै तिनको पैरवी गर्न सजिलो हुन्छ।

नीति विश्लेषणको पहिलो चरण भनेको तपाईंको परिवेशमा के-कस्ता नीतिहरू रहेका छन् तिनको मूल्याङ्कन गर्नु हो। यो मूल्याङ्कनको काम सर्वेक्षण वा यस्तै अन्य साधनको प्रयोगबाट गर्न सकिन्छ।

[2] UNESCO . 2009. Policy Guidelines on Inclusion in Education. Pares, UNESCO, p. 14.

## नीतिहरूको सर्वेक्षण

सर्वेक्षणको प्रयोगबाट संस्थाहरूमा रहेका विभिन्न प्रकारका नीतिहरूको मूल्याङ्कन गर्न सकिन्छ । साथै सर्वेक्षणको प्रयोग पटकपटक गर्न सकिन्छ जसबाट एकल संस्थाहरू वा जनस्तरमा समयको अन्तरालमा नीति परिवर्तनको अवस्थाबारे जानकारी हासिल गर्न सकिन्छ । सुधारिएका नीतिहरूका सुचकमा विभिन्न संस्थाहरूको संख्या पर्न सक्दछ जसले कुनै निश्चित मुद्दाहरूलाई आधार मानी नीति निर्माण गरेका हुन्छन् । अथवा विभिन्न अनुसन्धानहरूको पुनरावलोकनका आधारमा पहिचान गरिएका नीतिहरूका विभिन्न तत्त्वहरूसँग मेल खाने नीतिहरूको सङ्ख्या पनि हुन सक्छ ।

सर्वेक्षणका विभिन्न तत्त्वहरूले निम्न कुराहरूको सम्बोधन गर्न सक्दछन् :

१. कुनै संस्थाले निश्चित मद्दाहरूका बारेमा आधिकारिक नीति अँगाल्छन् कि ?
२. नीतिका विभिन्न तत्त्वहरू
३. कसरी नीतिहरूबारे ध्यान दिइएको छ वा तिनको कार्यान्वयन गरिएको छ ?
४. नीतिको प्रभावकारिताप्रतिको धारणा
५. नीतिप्रतिको सन्तुष्टि ।[3] (Reisman, etal, 2007. p.28)

विश्लेषणको प्रक्रियामा नीतिका विभिन्न पक्षहरूको परीक्षण गर्नु आवश्यक छ । तालिका १ मा उल्लेखित ढाँचाले[4] नीतिका विभिन्न पक्ष र सम्बद्ध प्रश्नहरू प्रस्तुत गरेको छ । यसले मूल्याङ्कन गर्दछ । विशेषत: यसको मुख्य जोड राष्ट्रिय नीतिहरूको विश्लेषण गर्नेतर्फ छ तापनि शिक्षक शिक्षा संस्थाहरूभित्र पर्ने स्थानीय स्तरका नीतिहरूको अध्ययन गर्न समेत प्रयोग गर्न सकिन्छ ।

### तालिका १

| | |
|---|---|
| क) समावेशी शिक्षाको परिभाषा | • के तपाईंका नीतिहरूले समावेशी शिक्षाको स्पष्ट व्याख्या गर्दछन् ?<br>• के तिनीहरूले विशेष शिक्षा र समावेशी शिक्षा बीचको दुविधाको समाधान गर्न सक्दछन् ? |
| ख) गुणस्तरीय शिक्षा | • के तपाईंका नीतिहरूमा सबैलाई सिकाइको पहुँचमा सुधार र गुणस्तरीय शिक्षामा सुधार बीच बलियो पारस्परिक सम्बन्धको बुझाइ रहेको छ ?<br>• के तिनीहरूमा गुणस्तरमा सुधार हुनु भनेको पहुँचमा सुधार ल्याउनु हो यदि भर्ना दर र छाड्ने दर घटेमा भन्ने कुराको पहिचान गरिएको छ ?<br>• के ति नीतिहरूले गुणस्तरीय शिक्षा कक्षाकोठामा मात्र सिमित नभई व्यापक रूपमा हुने सिकाइको रूपमा पहिचान गरेका छन् ? |
| ग) पूर्णात्मक दृष्टिकोण | • के तपाईंका नीतिहरूमा समावेशी शिक्षालाई सम्पूर्ण शैक्षिक प्रणाली परिवर्तन गर्न सक्ने तत्त्वका रूपमा लिएको छ जसले गर्दा गुणात्मक शिक्षा हासिल गर्न प्रत्येक सिकारुलाई समावेश गराइन्छ ?<br>• के नीतिले एकीकृत प्रणालीका दृष्टिकोणहरू प्रस्तुत गर्दछन् जसले औपचारिक, अनौपचारिक र मुल प्रवाहको प्रावधानलाई संयुक्त रूपमा सहकार्य गराउछन् ? |

[3] Reisman, J., Gienapp, A. and Stachowiak, S. 2007. A Handbook of Data Collection Tools : Companion to 'A Guide to Measuring Advocacy and Policy.' Organizational Research Services.
[4] Adapted from EENET News letters No. 12 . August 2008. 'How inclusive are national education policies and plans?' EENET.

| | |
|---|---|
| घ) स्रोतको विनियोजन | • के तपाईंका नीतिहरूमा शिक्षाका प्रत्येक क्षेत्रमा समावेशी शिक्षाको लागि बजेट छुट्याइन्छ वा समावेशी शिक्षाका मुद्दाहरूलाई छुट्टै बजेटको प्रावधान गरी बहिष्करणमा पारिन्छ ? |
| ङ) विद्यमान स्रोतहरू र क्षमता | • के तपाईंहरूका नीतिहरूले स्थानीय स्तरमा भएका विचार र अभ्यासहरूको विकासको पहिचान गर्न सक्दछन् ? वा के तिनीहरू समावेशी शिक्षाको अभ्यास शुरुको शिराबाट गर्नु पर्दछ भन्ने ठान्दछन् ? वा अन्य ठाउँहरूबाट समावेशी विधिहरू आयात गरिएका छन् ?<br>• के ति नीतिहरूले तत्कालीन राष्ट्रिय, क्षेत्रीय र स्थानीय समाजमा रहेका स्रोतहरूको विकासमा सहयोग गर्दछन् ? |
| च) अनुगमन र मूल्याङ्कन | • के तपाईंका नीतिहरूले समग्र अनुसन्धानहरूलाई सहयोग गरी शिक्षाद्वारा बालबालिका र युवाहरूका प्रगतिमा टेवा पुऱ्याउँदछन् ?<br>• के तपाईंहरूका नीतिहरूमा समावेशी शिक्षा प्रणालिमा उपयुक्त अनुगमन र मुल्याङ्कन ढाँचा समावेश छन् ? |
| छ) सहभागितात्मक तथ्य संकलन | • के तपाईंहरूका नीतिहरू शैक्षिक अनुसन्धानमा आधारित रहेका छन् जुन समुदायमा रहेका बालबालिका र युवाको सहभागितामा बनाइएका हुन् ? |
| ज) शिक्षक शिक्षा | • के तपाईंका नीतिहरूले समावेशी शिक्षाको सिद्धान्त र अभ्यास अनुरूप पूर्व-सेवा र सेवाकालीन शिक्षक शिक्षाको वास्तविक सुधार गर्दछन् ?<br>• के तिनीहरूले समावेशी शिक्षालाई प्रत्येक शिक्षकले अपनाउनुपर्ने विशिष्ट मानकको रूपमा प्रस्तुत गर्दछन् ?<br>• के तिनीहरूले स्थापित शिक्षक शिक्षण संस्थाहरूमा रहेका संवेदनशील मुद्दाहरू सम्बोधन गर्दछन् जसले पुराना शैक्षिक दृष्टिकोण र केही मात्रामा समावेशी शिक्षाको अनुभव बोकेका हुन्छन् ? |
| झ) लचिलो पाठ्यक्रम विकास | • के तपाईंका नीतिहरूले सरोकारवालाहरूको दृष्टिकोण अनुसार पाठ्यक्रम सुधार गर्न प्रेरित गर्दछन् ?<br>• के तिनीहरूले पाठ्यक्रम विकासमा स्थानीय लचकता अपनाउन सहयोग गर्दछन् ? |
| ञ) अधिकारका मुद्दाहरूको रूपमा समावेशी शिक्षा | • के तपाईंका नीतिहरूले समावेशी शिक्षालाई मानव अधिकारका मुद्दाहरू का रूपमा प्रवर्धन गर्छन ? र औचित्यको लागि मानव अधिकारलाई प्रयोग गर्छन् ? |

यस नीतिगत निर्देशिकाका आगामी भागहरूमा समावेशी शिक्षा र पूर्व सेवाकालीन शिक्षक शिक्षाको अवस्था अध्ययनमा रहेका मुख्य नीतिगत चुनौतीहरूलाई सम्भावित नीतिगत रणनीतिक समाधानहरू सँग जोडेर हेर्ने छौं । नीति चुनौतीहरू र नीतिगत रणनीतिहरूलाई सम्बोधन गर्दा नीतिहरू तटस्थ नहुने कुरामा विचार पुऱ्याउनु पर्दछ । तिनीहरूको निर्माण सामाजिक, सांस्कृतिक र राजनैतिक दृष्टिकोण भएका मानिसहरूद्वारा भएको हुन्छ । त्यसैगरी हामीहरूले नीति विश्लेषण गर्दा हाम्रो सामाजिक, सांस्कृतिक र राजनैतिक बुझाइलाई ख्याल गर्नु आवश्यक छ । तसर्थ, जब हामी नीतिका चुनौतीहरूको मूल्याङ्कन र विश्लेषण गर्दछौं तब विभिन्न दृष्टिकोणहरू नीति निर्माणमा आवश्यक पर्दछन् भन्ने कुराप्रति सचेत हुन आवश्यक छ । साथै विश्लेषणलाई प्रभावित पार्ने हाम्रो दृष्टिकोणबारे समेत ध्यान पुऱ्याउनु जरुरी छ ।

# चुनौती -१
# समावेशी शिक्षाको सचेतना र बुझाइ

## अवस्थाको विश्लेषण

**शिक्षा सरोकारवालाहरूबीच विद्यमान नीतिहरूबारे पर्याप्त सचेतनाको कमी**

केही राष्ट्रिय शिक्षा प्रणालीहरूमा समावेशी शिक्षासँग सान्दर्भिक नीतिहरू शिक्षक शिक्षा संस्थाहरू तथा विद्यालयहरूमा वास्तविक अस्तित्वमा रहेका छैनन् । तथापि मुख्य चुनौती भनेको आवश्यक नीतिहरू वास्तविक अस्तित्वमा रहे नरहेकोसँग सम्बन्धित नहुन सक्दछ। किनभने विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र स्थानीय स्तरमा समावेशी शिक्षासम्बन्धी नीति र पैरवी निर्देशिकाहरू अस्तित्वमा रहेका छन्। बरु निश्चय पनि विद्यमान नीतिहरूमा शिक्षा सरोकारवालाहरूको अपर्याप्त सचेतना बढी चुनौतीको रूपमा रहेको हुन सक्छ।

**समावेशी शिक्षालाई सहयोग गर्ने बृहद् नीतिगत ढाँचाको कमी**

समावेशी शिक्षाका विभिन्न पक्षहरूलाई सम्बोधन गर्ने विभिन्न नीतिहरू भए पनि तिनीहरू प्रायः छुट्टाछुट्टै र एक आपसमा अलगअलग रूपमा हुन सक्दछन्। विद्यमान समावेशी शिक्षाको ढाँचा पनि व्यापक नभएको हुन सक्दछ। साझा र बृहत् समावेशी ढाँचाको अभावले नीति कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ। यसले गर्दा समावेशी शिक्षालाई व्यापक र एकीकृत रूपमा सम्बोधन गर्न कठिन हुन्छ।

**नीतिलाई प्रभावित पार्ने व्यक्तिहरूबाट नै यसप्रतिको बुझाइ र सहयोगमा समस्या**

शिक्षा सरोकारवालाहरू जस्तैः शिक्षक, शिक्षक प्रशिक्षक र अभिभावक/परिवारले समावेशी शिक्षालाई सम्बोधन गर्ने नीतिहरूलाई कम बुझ्ने वा कम सहयोग गरेको हुनसक्छन्। सरोकारवालाहरूको अपर्याप्त बुझाइ र कम सहयोग वास्तवमा नीति निर्माण, पुनरावलोकन र नीतिहरूको बुझाइ प्रक्रियामा कम सहभागिताका कारणबाट भएको हुनसक्छ । नीति निर्माण तथा विकास प्रक्रियामा उनीहरूको न्यून सहभागिताले नीतिहरूप्रतिको उनीहरूको बुझाइ कमजोर भएको हुन्छ। साथै नीति कार्यान्वयन प्रक्रियामा समेत उनीहरूको कमजोर भूमिका रहन्छ। यस्तो अवस्थाले नीतिहरूको कमजोर कार्यान्वयन वा त्यसप्रतिको निष्क्रियताको चुनौती खडा हुन जान्छ।

**अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय नीतिहरूमा परिभाषित समावेशी शिक्षाका अवधारणाहरूबीच एकरूपता नहुनु**

धेरै अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र स्थानीय नीतिहरूमा समावेशी शिक्षाका विभिन्न पक्षहरूको सम्बोधन गरिएको भए तापनि तिनीहरूमा समावेशी शिक्षाको अवधारणा एकैनासको नहुने र कहीँ त एक आपसमा बाझिएको समेत पाइन्छ। साथै राष्ट्रिय, क्षेत्रीय, जिल्लागत र स्थानीय स्तरमा भएका नीतिहरूमा समावेशी शिक्षाको अवधारणा स्पष्ट रूपमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप उल्लेख नभएको पनि पाइन्छ । यस्तो

स्थितिबाट विशेष रूपमा शिक्षक शिक्षा संस्थाहरूलाई समावेशी शिक्षाको कार्यान्वयनका लागि स्पष्ट र एकीकृत रणनीति निर्माण गर्न समस्या पर्दछ ।

**राष्ट्रिय कानुन  एवम् नीतिहरू र शिक्षक शिक्षा नीति एवम् अभ्यासबीच एकरूपता नहुनु**

शिक्षक शिक्षा संस्थाहरूको तहमा रहेका नीति र अभ्यासहरूले सधै राष्ट्रिय कानुन र नीतिहरूको प्रतिविम्बन गरेका हुँदैनन् । यो कुरा यी संस्थाहरूको व्यवस्थापन र उनीहरूले प्रवर्धन गर्ने शिक्षणमा समेत लागू हुन्छ । यस्तो अवस्थाले शिक्षक शिक्षा संस्थाहरूभित्र समावेशी शिक्षालाई चुनौती दिएको हुन्छ साथै विद्यालय र कक्षाकोठामा स्तरीय दृष्टिकोणअनुसार शिक्षकहरू तयार गर्न अप्ठ्यारो पर्दछ ।

**तपाईंले पैरवी गर्नुअघि आफ्ना सन्दर्भमा अवस्था विश्लेषण गर्न निम्न प्रश्नहरू सोध्न सक्नुहुनेछ :**

- के तपाईं विद्यमान नीतिहरू (अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय) प्रति सचेत हुनुहुन्छ जसले समावेशी शिक्षालाई टेवा पु¥याएका छन् ? तपाईंले यी नीतिहरू कसरी खोज्नुहुन्छ र विश्लेषण गर्नुहुन्छ ?
- के तपाईं समावेशी शिक्षा नीति कार्यान्वयन गर्न आवश्यक वैधानिक आधारप्रति सचेत हुनुहुन्छ ? के त्यस्तो वैधानिक आधार तपाईंको परिवेशमा अवस्थित छ ? यदि सो नभएको भए यस्तो वैधानिक आधारको विकासमा कसरी सहभागिता जनाउन सक्नुहुन्छ ?
- तपाईंसँग काम गर्ने शिक्षा सरोकारवालाहरूसँग सहकार्य गरी समावेशी शिक्षा नीतिहरूबारे अझ स्पष्ट बुझ्न कसरी सकिन्छ ? साथै कसरी तपाईंले समावेशी शिक्षा नीतिलाई आफ्नो स्थानीय परिवेशअनुरूपका नीतिहरूको विकास गर्न प्रयोग गर्न सक्नुहुन्छ ?
- तपाईंले विद्यमान नीतिहरूलाई आफ्नो अवस्थामा (जस्तै : शिक्षा मन्त्रालय वा तपाईंको शिक्षक शिक्षा संस्थाहरू) समावेशी शिक्षाको अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन कसरी सक्नुहुन्छ ? कसलाई यस प्रक्रियामा सहभागी गराउन जरुरी छ ? कसरी उनीहरूलाई अर्थपूर्ण रूपमा सहभागी गराउन सकिन्छ ?

## पैरवी उद्देश्यहरू

### नीति पैरवी सन्देश-१

*समावेशी शिक्षाका विद्यमान नीतिहरूबारे उत्तम सचेतना हुनु जरुरी छ र अन्तर्राष्ट्रिय, राष्ट्रिय, र स्थानीय स्तरमा रहेका नीतिहरूबीच उपयुक्त तालमेल बनाउनु पनि उत्तिकै जरुरी छ ।*

### नीति पैरवी सन्देश-२

*शिक्षा मन्त्रालय र शिक्षक शिक्षा संस्थाहरूले नीतिहरूको पुनरावलोकन र पुनर्संयोजन गर्न जरुरी छ र आवश्यकताअनुसार नयाँ नीतिहरू पनि निर्माण  गर्नुपर्दछ जसले गर्दा शिक्षक शिक्षामार्फत समावेशी शिक्षाका लागि व्यापक दृष्टिकोण अपनाउन सहयोग हुन्छ ।*

यहाँ पैरवी सन्देश १ र २ लाई एउटै समूहमा राखेर जोड दिएको कारण नीतिहरू बारेको सचेतना बढाउने र पुनरावलोकन गर्ने प्रक्रियालाई नीतिको समायोजन, अनुकूलन र विकाससँग जोड्ने प्रक्रियालाई महत्त्व दिनु हो । नीतिहरूमा रहेका अन्तरहरूलाई सम्बोधन गर्न, विभिन्न तहहरूमा तिनको मिलान गर्न र नयाँ नीतिहरू निर्माण गर्न सरोकारवालाहरूले यसबारे सचेत हुनुपर्ने र समावेशी शिक्षासँग सम्बन्धित विद्यमान नीतिहरू बुझ्नु पर्ने हुन्छ ।

नीति सचेतना बारेको जिम्मेवारी, समायोजन र विकास पारस्परिक रूपमा विनिमय हुनु आवश्यक छ । त्यसै गरी शिक्षा मन्त्रालयले समावेशी शिक्षाको पुनरावलोकन, समायोजन र राष्ट्रिय नीतिको विकासको जिम्मेवारी लिने कुरा सुनिश्चित गर्नु आवश्यक छ। यस्ता नीतिको पुनरावलोकन र विकास गर्दा सरकारी मन्त्रालयभित्र र बाहिर भएका विभिन्न सरोकारवालाहरूलाई समावेश गर्नु आवश्यक छ। पूर्ववत रूपमा उल्लेख गरेअनुसार समावेशी शिक्षा एउटा महत्त्वपूर्ण साझा नीतिगत मुद्दा हो र यसअन्तर्गत शिक्षक शिक्षा नीतिहरू विभिन्न मन्त्रालय तथा विभागहरूको सहभागिताबाट विकास गर्दा सबैलाई फाइदा हुन्छ ।

यस प्रक्रियामा प्रान्तीय वा क्षेत्रीय शिक्षा निर्देशनालयहरू, शिक्षक शिक्षा संस्थाहरू र विद्यालयहरूको सहभागिता आवश्यक हुन्छ । शिक्षक शिक्षा संस्थाहरू र शिक्षा मन्त्रालयबीच ठोस सम्बन्ध र एक आपसमा विश्वास कायम गर्नु महत्त्वपूर्ण हुन्छ । यसले गर्दा समावेशी शिक्षाबारे पूर्ण वा एकीकृत दृष्टिकोण अवलम्बन गरी नीति समायोजन गर्ने कार्य सहज र महत्त्वपूर्ण हुन जान्छ। शिक्षक शिक्षा संस्थाहरूले समावेशी शिक्षाबारे आफ्ना विशिष्ट नीतिहरूको पुनरावलोकन र विकास गर्नु आवश्यक हुन्छ । यस प्रक्रियामा विद्यार्थी शिक्षकहरू र शिक्षक प्रशिक्षक साथै शिक्षक शिक्षा व्यवस्थापनका कर्मचारीहरूको क्रियाशील सहभागिता हुनुपर्दछ। स्पष्ट र अर्थपूर्ण समावेशी शिक्षाको विकास र कार्यान्वयन शिक्षक शिक्षासँग सम्बन्धित संस्थाहरू, विद्यालयहरू र समुदायहरूका चुनौतीका प्रकृति तथा क्षेत्रबारे अपनाइने सचेत विनिमय प्रक्रियामा भर पर्दछ।

नीतिको पुनरावलोकन र विकासका लागि उपयुक्त समय र ठाउँको छनोट गर्नु महत्त्वपूर्ण हुन्छ। यी कुराहरू उदाहरणका रूपमा निम्न तरिकाबाट पूरा गर्न सकिन्छ :

- राष्ट्रिय र प्रान्तीय रूपमा हुने छलफल मञ्च, सम्मेलन र कार्यशालाका माध्यमबाट गर्न सकिन्छ जसले व्यापक रूपमा सरोकारवालाहरूलाई समावेशी शिक्षा नीतिको पुनरावलोकन र विकास गर्ने अवसर प्रदान गर्दछन् ।
- शिक्षक शिक्षा संस्थाहरूभित्र शिक्षण सिकाइ विषयको रूपमा शैक्षिक नीति रहन सक्दछ र विद्यार्थी शिक्षकहरूलाई नीति र नीतिसँग सम्बन्धित सामग्रीहरूलाई समालोचनात्मक रूपले विश्लेषण गर्ने र छलफल गर्ने काममा सहयोग गर्न सकिन्छ।

सरकारी मन्त्रालयहरूमा वा शिक्षक शिक्षा संस्थाहरूभित्र नीतिको पुनरावलोकन र विकास कार्य एक पटके काम नभई निरन्तर चलिरहने प्रक्रिया र परिवर्तनप्रति संवेदनशील हुनपर्ने काम हो। उपयुक्त नीतिप्रतिको सचेतना, विकास र कार्यान्वयन, समायोजन र परिवर्तन, आवधिक प्रतिविम्बन र थप प्रतिविम्बनमा भर पर्दछ।

सुलभ नीतिहरूको अभिलेखीकरण गर्नु यस प्रक्रियाको महत्त्वपूर्ण काम हो। यदि नीति अभिलेखीकरण सबै तहमा सुलभ भएमा विशिष्ट नीतिहरूको पुनरावलोकन गर्न सकिन्छ र आवश्यक परेमा विद्यमान राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति ढाँचाहरूसँग आबद्ध गर्न सकिन्छ। नीतिहरूको सहज उपलब्धता भनेको समावेशी शिक्षाका अवधारणाहरूलाई स्पष्ट रूपमा सबै नीतिगत अभिलेखहरूमा परिभाषित गर्नु हो । नीतिगत अभिलेखको सर्वसुलभतालाई बढाउनका लागि नीतिगत साधनहरू, ढाँचाहरू र निर्देशिकालाई राष्ट्रिय र स्थानीय भाषाहरूमा उपलब्ध गराउनु आवश्यक छ साथै ब्रेल लिपिमा समेत तिनलाई उपलब्ध गराई सम्बन्धित सरोकारवालाहरूलाई तिनको अध्ययन गर्न, तिनलाई बुझ्न र तिनको आलोचनात्मक रूपमा विश्लेषण गर्ने अवसर प्रदान गर्नुपर्दछ।

शैक्षिक अनुसन्धानका कार्यक्रमहरू र अनुगमन र मूल्याङ्कनसँग सम्बन्धित प्रणाली समावेशी शिक्षाका चुनौतीहरूलाई गहिराइसँग बुझ्नका लागि आवश्यक छन् । यी कार्यक्रमहरूले विविधताको दृष्टिकोण प्रतिविम्बन गर्दै व्यापक रूपमा शैक्षिक सरोकारवालाहरूको सहभागिता सुनिश्चित गराउनु आवश्यक छ । साथै यी कार्यक्रमले परिमाणत्मक र गुणात्मक उपायहरू अवलम्बन गर्नु जरुरी छ । सुदृढ तथ्याङ्क संकलन प्रणाली र मुख्य मुद्दाहरूमा केन्द्रित विश्लेषण यस सन्दर्भमा महत्त्वपूर्ण ठानिन्छन् । अनुसन्धान कार्य क्रियाकलापकेन्द्रित हुनुपर्छ, जुन औपचारिक मात्र नभई अर्थपूर्ण परिवर्तनप्रति निर्देशित हुनु आवश्यक छ । कार्यमूलक अनुसन्धान समावेशी शिक्षा दर्शनको प्रमुख आधार हो र प्रत्येक तहमा नीति र अभ्यासको मूल्याङ्कन गर्ने प्रमुख माध्यम हो ।

कार्यमूलक अनुसन्धानबारे विस्तृत छलफल पैरवी निर्देशिका - ५ को विधिमा उल्लेख गरिएको छ ।

नीतिहरूको प्रभावको आँकलन गर्न र शिक्षाका अन्य पक्षहरूको मूल्याङ्कन गर्न अनुसन्धानको प्रयोग गरिन्छ । उदाहरणका लागि : प्रभावकारी पैरवीको सूचक भनेको शिक्षक शिक्षा संस्थाहरूमा समावेशी शिक्षाबारे गरिने समान धारणाहरू, शैक्षणिक दृष्टिकोणहरू र अभ्यासबारेका छलफल हुन सक्छन् । यस्ता तथ्याङ्कहरूको सङ्कलन शिक्षक शिक्षा संस्थाहरूमा हुने तुलनात्मक अनुसन्धानबाट गर्न सकिन्छ । यसका लागि विभिन्न विधिहरू जस्तै : अवलोकन, सर्वेक्षण र अन्तरवार्ता विधिको प्रयोग शिक्षक, शिक्षक प्रशिक्षक र विद्यार्थी शिक्षकहरूसँग गर्न सकिन्छ ।

**नीति पैरवी सन्देश - ३**

नीति पुनरावलोकन, समायोजन र विकासको प्रक्रियाले विशेषतः शिक्षक शिक्षासँग सम्बन्धित समावेशी शिक्षाका मुद्दाहरूलाई सम्बोधन गर्नु आवश्यक छ ।

शिक्षक शिक्षासँग सम्बन्धित समावेशी शिक्षाका स्पष्ट र विस्तृत नीतिहरूलाई समावेशी शिक्षाका व्यापक नीतिगत उद्देश्यहरूसँग आबद्ध गर्नुपर्दछ । तिनले शिक्षक शिक्षाको सन्दर्भ र परिवेशसँग सम्बन्ध राख्ने मुद्दाहरूलाई पनि सम्बोधन गर्नुपर्दछ ।

यस्ता मुद्दाहरूअन्तर्गत निम्न कुराहरू पर्दछन् :

- विद्यार्थी शिक्षकहरू र शिक्षक प्रशिक्षकहरूको (जस्तैः असमानुपातिक रूपमा महिलाहरूको कम सङ्ख्या, जनजाति एवम् भाषिक अल्पसङ्ख्यक पृष्ठभूमिबाट आएका मानिसको संख्या, जनजातिहरू, दुर्गममा बस्ने मानिसहरू र अपाङ्गता भएका मानिसहरू) छनोट प्रक्रियामा असमानता
- समावेशी शिक्षा सिकाइ विधिहरू र निरन्तर निर्माणात्मक र यथार्थ मूल्याङ्कनमा सहयोग
- शिक्षक प्रशिक्षक सहपाठीहरू, विद्यार्थी शिक्षकहरू र शिक्षक शिक्षा संस्थाहरू एवम् विद्यालय/विद्यालय समुदायहरूबीच सहकार्य र विवेचनात्मक मैत्री सम्बन्ध
- शिक्षकको पेसागत विकास संस्कृति जसले शिक्षकहरूमा दृढविश्वास र विभिन्न सिकारूलाई

सहयोगको क्षमता विकास गर्न मद्दत गर्दछ । साथै सेवाकालीन पेसागत विकास गर्ने अवसरको उपलब्धता पनि शिक्षक शिक्षाको मुद्दा हो जसको सम्बोधन हुन जरुरी छ ।

## लाओ जनगणतन्त्र (पिडिआर)को उदाहरण

**राष्ट्रिय नीतिको विश्लेषण र परिमार्जन गर्नु** [5]

सन् २००८ मा जेनेभामा सम्पन्न समावेशी शिक्षाको युनेस्को अधिवेशनले लाओ पिडिआरमा महत्त्वपूर्ण शिक्षानीति परिमार्जन प्रक्रियालाई मार्गदर्शन गरेको थियो । यस प्रक्रियाभर समावेशी शिक्षामा स्पष्ट नीतिको विकास गर्नुका साथै नीतिलाई अभ्यासमा ल्याउन सहयोग गर्ने शैक्षिक संवैधानिक कानुनको विकास गरिएको थियो ।

त्यहाँ नीति विकासको प्रक्रिया चलिरहेको छ र हाल लाओ पिडिआरले शिक्षक शिक्षाका नीतिहरूको सुधार कार्य गरेको छ। जसबाट शिक्षककहरूमा आवश्यक शिक्षा र सीपहरूको सुनिश्चितता हुनुका साथै देशको शैक्षिक गुणस्तर र समावेशीतामा जोड दिन सहयोग पुगेको छ। व्यावहारिक रूपमा यस नीति सुधारको एउटा पक्षले शिक्षककहरूको विकास र नियुक्ति प्रक्रियामा सरलीकरण गर्दै स्तरीय बनाउने कुरामा जोड दिएको छ। विगतमा त्यहाँ शिक्षण पेसाका लागि बहुपक्षीय सम्भावित तरिकाहरू रहेका थिए। यसको अर्थ सबै सम्भावित शिक्षककहरूले शिक्षणमा प्रवेश गर्नका लागि पूर्ण शिक्षक शिक्षा योग्यता कार्यक्रम गर्नुपर्ने भन्ने थिएन। यद्यपि यसले केही मानिसहरूलाई शिक्षक बन्नका निम्ति सहयोग पुऱ्याए तापनि परिणामस्वरूप विद्यालय र कक्षाकोठामा केही कमजोर शिक्षककहरूले प्रवेश गरे। उक्त नीतिसुधार प्रक्रियाले शिक्षक विकास र नियुक्तिमा सशक्त र स्तरीकृत दृष्टिकोण अवलम्बन गऱ्यो । यसले गर्दा सम्भावित शिक्षककहरूले शिक्षक बन्नुअघि विस्तृत र गुणस्तरीय शिक्षक शिक्षा प्राप्त गर्नुपर्ने आवश्यकता भयो। शिक्षक विकासमा सहजता ल्याउन शिक्षक नियुक्ति प्रक्रियालाई विकेन्द्रीकरण गरी शिक्षककहरूको योग्यतामा समेत सुधार गरियो । यसबाट शिक्षककहरूलाई स्थानीय आवश्यकताको सम्बोधन गर्न र दिगो विकास गर्न जिम्मेवार बनायो।

नीति विकासमा लाओ पिडिआरको दृष्टिकोणको मुख्य जोड नीतिको पुनरावलोकन गर्नु हो । हालै नयाँ राष्ट्रिय शैक्षिक नीतिको पुनरावलोकन छलफल गर्ने कार्य समावेशी शिक्षाका लागि गरिएको ३ दिने कार्यशालामा सु-सम्पन्न भयो । यस कार्यशालामा विभिन्न क्षेत्रहरूबाट शिक्षा अधिकृतहरू, शिक्षा तथा खेलकुद मन्त्रालयका सदस्यहरू र शिक्षक शिक्षा संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। निर्देशिकाको रूपमा सहभागीहरूलाई नीति विश्लेषण ढाँचाको (तालिका नं. १) प्रयोग गर्न लगाइएको थियो। यस नीति प्रक्रियाको विश्लेषणको प्रक्रियाभर क्षेत्रीय शिक्षा कार्यालयहरू र शिक्षक शिक्षा संस्थाका सहभागीहरूले राष्ट्रिय नीतिहरूको बारेमा थप बुझ्न र शिक्षा तथा खेलकुद मन्त्रालयका नीतिनिर्माताहरूलाई शैक्षिक नीति र नीति कार्यान्वयनबारे प्रश्नोत्तर गर्ने अवसर प्राप्त भएको थियो । सहभागीहरूले आफ्नो परिवेशमा नीति कार्यान्वयन रणनीतिहरूको विकास गर्ने प्रक्रियाको सुरुवात गर्न सक्षम भएका थिए ।

[5] UNESCO. 2012. Regiional Expert Meeting Report: Incusive Education through Quality Teacher Education in Asia-Pacific Bangkok, UNESCO.

# चुनौती-२
# सहयोग र समन्वय

## अवस्थाको विश्लेषण

**सरकारी मन्त्रालयहरूविच र भित्र उचित सहयोग र समन्वयको कमी**

समावेशी शिक्षामा शिक्षाका सबै क्षेत्रहरूबीच समन्वयको खाँचो पर्दछ । शिक्षा मन्त्रालयले समन्वयात्मक दृष्टिकोणको प्रयोग प्रभावकारी रूपमा नगर्नाले विद्यालय तथा समुदायमा समावेशी शिक्षासम्बन्धी नीति र अभ्यासको सम्बोधन कम प्रभावकारी ढङ्गले गरिएको छ । समन्वयको अभाव वा कमजोर समन्वयले गर्दा नीति र तिनको अभ्यासमा विखण्डन, दोधार र विभेदहरू उत्पन्न हुन सक्दछन् ।

केही शिक्षा मन्त्रालयहरूमा एउटा विभागलाई समावेशी शिक्षाको सम्पूर्ण काम गर्ने जिम्मेवारी दिइन्छ । शिक्षा मन्त्रालयभित्र एउटा छुट्टै विभागमार्फत समावेशी शिक्षामा जोड दिन सकिन्छ । तापनि यस्तो कार्य गर्नु चुनौतीपूर्ण छ । समावेशी शिक्षालाई शिक्षाको एउटा छुट्टै भिन्न अंगका रूपमा हेरिँदा यो जिम्मेवारी अरू कसैको नभई एउटा मन्त्रालयभित्र रहेको विभागको मात्र पूर्ण जिम्मेवारी रहेको भान हुन जान्छ । यस्तो कार्यले समावेशी शिक्षाको जिम्मेवारी अरूको होइन भन्ने सन्देश दिन सक्छ । सम्पूर्ण शिक्षा मन्त्रालयभित्र समावेशी शिक्षालाई साझा मुद्दाका रूपमा हेरिनुपर्ने र सबैको उत्तिकै जिम्मेवारी हुने भएकाले एउटा विभागलाई मात्र समावेशी शिक्षाको जिम्मेवारी दिँदा यसले सबैको साझा दायित्व हो भन्ने कुरालाई चुनौती दिन सक्छ ।

त्यसै गरी शिक्षा मन्त्रालय र अन्य सरकारी मन्त्रालयहरू (जस्तै : अन्य मन्त्रालयहरू जसले स्वास्थ्य, समाज कल्याण, टुहुरा बालबालिकाहरू, आप्रवासी कामदारहरू, अपाङ्गता भएका मानिसहरू, महिला आदिसँग सम्बन्धित) बीचमा समन्वयको कमी वा अभावले समावेशिताका जल्दाबल्दा मुद्दाहरूलाई एकीकृत रूपमा सम्बोधन गर्न सकिदैन । यस्तो अभ्यासबाट विशुद्ध शिक्षासँग असम्बन्धित मुद्दाहरू जस्तै : गरिबी, अपाङ्गता, बसाइँसराइ, कमजोर स्वास्थ्य स्थिति, सीमान्तकृतवर्गको बहिष्करणका साझा मुद्दाहरूलाई एकीकृत रूपमा सम्बोधन गर्नसक्ने क्षमतालाई न्यूनीकरण गर्दछ ।

**विभिन्न गैर सरकारी र अन्तर सरकारी संस्थाहरू, सरकारी मन्त्रालयहरू र शिक्षक शिक्षा संस्थाहरूबीच अपर्याप्त समन्वय**

एउटा आदर्श विश्वमा सबै मन्त्रालयहरू, शिक्षामा आबद्ध शिक्षक शिक्षा संस्था एवम् सङ्गठनहरूबीच समावेशी शिक्षाको साझा धारणा निर्माण गरी उनीहरू सँगसँगै समन्वयात्मक रुपमा कार्य गर्दछन् । धेरै जसो देशको यथार्थ के हो भने शिक्षा मन्त्रालयअन्तर्गतका विभिन्न विभागहरू, शिक्षक शिक्षा संस्थाहरू, गैरसरकारी र अन्तरसकारी संस्थाहरूबीच शैक्षिक नीति, त्यसको महत्त्व र कार्यान्वयन प्रक्रियाबारे प्रतिस्पर्धात्मक विचार र कार्यसूची रहिआएको पाइन्छ । यस्तो समन्वयको अभाव वा कमजोर समन्वयले गर्दा विखण्डन, स्रोत तथा समयका लागि प्रतिस्पर्धा, मिश्रित र विरोधाभाषपूर्ण सन्देशहरू, अनावश्यक

कार्यक्रमहरू र अन्य अदक्षता देखा पर्दछन् । यसको परिणाम स्वरुप शिक्षक शिक्षामा अल्पता देखिने र विद्यालयमा समावेशी शिक्षाको वास्तविक न्यून परिणाम देखिन सक्दछ ।

यस्तो कमजोर समन्वय शिक्षा नीतिको विकास गर्दा विभिन्न शिक्षा सरोकारवालाहरूसँग न्यून रूपमा परामर्श हुने यथार्थसँग जोडिन पुग्छ । यस्ता मुद्दाहरूको थप छलफल 'चुनौती ३-नीति कार्यान्वयन' अन्तर्गत राखिएको छ ।

**तपाईंले कुनै पनि नीतिहरूको वकालत गर्नुअघि आफ्नो अवस्था अध्ययन गर्न निम्न प्रश्नहरू सोध्न सक्नुहुनेछ :**

- कसरी सरकारी मन्त्रालयहरूलाई समावेशी शिक्षाको नीति र त्यसको कार्यान्वयन गर्न समन्वयात्मक दृष्टिकोण (मन्त्रालयभित्र र अन्तर मन्त्रालय) अपनाउन सहयोग गर्न सकिन्छ ?
- कसरी तपाईंको संस्थाले (जस्तै : सरकारी मन्त्रालय, गैरसरकारी संस्थाहरू, शिक्षक शिक्षा संस्थाहरू) समावेशी शिक्षाको नीति र त्यसको कार्यान्वयन गर्न सहयोग र समन्वयलाई संस्थागत गर्न सक्दछ ? कहाँ र कोबाट यस प्रक्रियाका लागि तपाईंको संस्थामा सहयोग प्राप्त हुन्छ ?

## पैरवी उद्देश्यहरू

### नीति पैरवी सन्देश - ४

*शिक्षा मन्त्रालयहरूलाई स्पष्ट रणनीतिहरूको खाँचो पर्दछ जसमा समावेशी शिक्षाको जिम्मेवारी मन्त्रालयकै विभागहरूमा विभाजन गरी शिक्षाभन्दा बाहेकका मन्त्रालयलाई समेत यसमा सहभागी गराउन सकिन्छ ।*

शिक्षा मन्त्रालयका सबै विभागहरूमा समावेशी शिक्षाबारे स्पष्ट बुझाइ र सहयोग भएको अवस्थामा समावेशी शिक्षालाई प्रभावकारी समर्थन गर्ने प्रबल सम्भावना रहन्छ । जब मन्त्रालयका विभागहरू (जस्तै : पूर्वसेवाकालीन शिक्षक शिक्षा, प्राथमिक, माध्यमिक र उच्चमाध्यमिक शिक्षा, पाठ्यक्रम विकास, शैक्षिक अनुसन्धान आदि) समावेशी शिक्षाका उद्देश्यहरू परिभाषित गर्न र तिनका उपलब्धि हासिल गर्न एक आपसमा जुटेर समन्वयात्मक रूपमा क्रियाशील हुन्छन् तब शिक्षा र सिकाइमा वास्तविक समावेशिता हुन्छ । नीति पुनरावलोकन र विकासको प्रक्रियाका बारेमा चुनौती-१ मा गरिएको छलफल विभिन्न मन्त्रालयहरू र विभिन्न विभागहरूलाई  शिक्षा मन्त्रालयमा ल्याई तिनीहरूबीच घनिष्ट कार्य सम्पादन गर्न उपयोगी हुन्छ ।

यद्यपि विभिन्न मन्त्रालयका विभागहरूमा समावेशी शिक्षाका बारेमा सार्थक साझा जिम्मेवारी लिने लक्ष्य भए तापनि एउटा स्पष्ट र सुदृढ अनुगमन प्रणाली हुनु महत्त्वपूर्ण हुन्छ । यसले गर्दा हरेक विभागलाई समावेशी शिक्षाप्रति आफ्नो स्वामित्व जनाउन तथा स्पष्ट र उचित जिम्मेवारी बहन गर्नसक्ने बनाउन सहज हुन्छ ।

समावेशी शिक्षालाई न त मन्त्रालयको एउटा विभागमा मात्र सीमित गर्नु उपयुक्त हुन्छ न त विभिन्न मन्त्रालयका विभागहरूमा फितलो रूपमा यसको जिम्मेवारी बाँड्न उचित हुन्छ । यसलाई अर्थपूर्ण र प्रभावकारी बनाउनका लागि मन्त्रालयभित्र र विभिन्न मन्त्रालयहरूबीच समन्वयात्मक रुपमा कार्य गर्नु आवश्यक छ । यो जिम्मेवारी र जवाफदेहिताको स्पष्ट रेखाङ्कन हुनु पर्ने र लक्षित कार्यक्रमका लागि साझा कार्य योजना ल्याउनुपर्दछ ।

**नीति पैरवी सन्देश - ५**

*समावेशी शिक्षाप्रतिको प्रभावकारी दृष्टिकोण शिक्षा मन्त्रालयहरू, शिक्षक शिक्षा संस्थाहरू र गैर सरकारी, अन्तर सरकारी संस्थाहरूबीचको बलियो र दिगो समन्वयमा भर पर्दछ*

समावेशी शिक्षामा मुख्य जोड सरकारी मन्त्रालयहरू, शिक्षक शिक्षा संस्थाहरू र गैर सरकारी संस्थाहरू, अन्तर सरकारी संस्थाहरूबीचको संचार र समन्वयमा हुनुपर्दछ । यस्तो संयुक्त कार्य गर्न शिक्षक शिक्षा संस्थाहरूमा समावेशी शिक्षा कार्यक्रमहरूलाई आवश्यक स्रोत जुटाउन र तिनको प्रभावकारी कार्यान्वयन गर्न साझा दृष्टिकोण र रणनीतिहरू, अनुगमन र मूल्याङ्कनको साझा प्रणाली र समन्वयात्मक व्यवस्थापकीय दृष्टिकोणको जरुरत पर्दछ ।

यस्तो समन्वयात्मक कार्यलाई सहयोग गर्नका लागि शिक्षा मन्त्रालयका नीति निर्माताहरूले शिक्षक शिक्षा संस्थाहरूसँग आवश्यक समन्वय गर्ने र प्रशस्त समय दिई कार्यालय प्रमुखहरू र शिक्षक प्रशिक्षकहरूसित बलियो कार्यगत सम्बन्ध स्थापित गर्नु जरुरी छ । यसबाट शिक्षक शिक्षाका आवश्यकता र चुनौतीहरूलाई अझ स्पष्ट रूपमा बुझ्न र अर्थपूर्ण नीतिहरूको विकासमा टेवा पु¥याउन सहज हुन्छ । साथै शिक्षक शिक्षा संस्थाहरूका कर्मचारी र विद्यार्थीहरूलाई शिक्षा मन्त्रालयहरूमा काम गर्न सहयोग गरी त्यहाँ आइपर्ने चुनौतीहरूबारे बुझ्न र प्रत्यक्ष रूपमै समावेशी शिक्षाका सम्बद्ध नीतिहरूको निर्माण गर्नु पर्दछ (जस्तै : नीतिहरूको सार्वजनिक छलफल, कार्यशाला र सम्मेलनहरू) यस्तो प्रक्रियासँग सबैलाई आबद्ध गराउन आवश्यक छ ।

एउटा बलियो समावेशी शिक्षा प्रणालकिो विकास गर्नु भनेको सरकारी मन्त्रालयहरू र शिक्षक शिक्षा संस्थाहरूमा मात्र भर पर्नु भनेको होइन । गैर सरकारी संस्थाहरू जसले अनौपचारिक शिक्षाका क्षेत्रमा काम गरिरहेका छन् उनीहरूसँग समावेशी शिक्षा तालिमसम्बन्धी व्यापक एवम् विशिष्ट अनुभव रहेको हुन्छ । र त्यसलाई समावेशी शिक्षाको प्रवर्धनमा प्रयोग गर्नुपर्दछ । यस्तो सहभागिता र उपयोगले शिक्षा मन्त्रालय र अन्य शिक्षक शिक्षा संस्थाहरूलाई समावेशी शिक्षाको विकास र प्रवर्धन गर्न सहयोग पुर्‍याउछ । साथै राष्ट्रिय र स्थानीय स्तरका नीतिहरूको निर्माणले समावेशी शिक्षा तालिममा अनुभव भएका गैर सरकारी संस्थाहरू र शिक्षक शिक्षा संस्थाहरूबीच सहसम्बन्ध र सहकार्यलाई जोडदिई त्यसबाट एकीकृत रूपमै समावेशी शिक्षा प्रणालीका लागि सहकार्य गर्ने वातावरण तयार गरिदन्छ ।

## बङ्गलादेशको उदाहरण

**अनौपचारिक शिक्षाबाट पाठ** [6]

बङ्गलादेशमा शिक्षा मन्त्रालयले अनौपचारिक शिक्षा क्षेत्रमा भएका राम्रा समावेशी अभ्यासबाट पाठ सिकिरहेको छ । यसले गर्दा देशमा भएका औपचारिक र अनौपचारिक शिक्षा क्षेत्रबीच बलियो सहकार्यको सम्भावना निर्माणमा सहयोग पुग्दछ ।

बङ्गलादेशमा भएका केही अनौपचारिक शिक्षा कार्यक्रमहरूले परम्परागत रूपमा औपचारिक शिक्षामा सीमित पहुँच भएका बालबालिकालाई समावेशी अनौपचारिक शिक्षा प्रदान गरेको अनुभव छ । उदाहरणका रूपमा हालैको अनुसन्धानले[7] ढाका अह्सनीया मिसनको बहुकक्षा शिक्षणको युनिक परियोजनालाई अनौपचारिक शिक्षा अभ्यासको राम्रो उदाहरणका रूपमा पेस गरेको छ । साधारणतया बहुकक्षा शिक्षणमा एउटा शिक्षकले विभिन्न कक्षाका बालबालिकालाई एकै समयमा शिक्षण गर्दछन् । युनिक परियोजनाले विद्यालय बाहिर रहेका र सीमान्तकृत समूहका बालबालिकालाई बहुकक्षा शिक्षणद्वारा शिक्षाको मूल धारमा ल्याउने कार्य गर्दछ । यस परियोजनाले लचिलो पाठ्यक्रम र तालिम सामग्रीहरूको प्रयोग गर्दछ र बहुसांस्कृतिक एवम् बहुभाषिक मुद्दाहरूमा यसको बढी ध्यान गएको कुरालाई राम्रै अभ्यासका रूपमा लिइन्छ ।

अनौपचारिक शिक्षा कार्यक्रममा शिक्षकहरूको युनिक परियोजनामा जस्तै शिक्षण सिकाइमा समावेशी दृष्टिकोण अँगालिएको विशिष्ट तालिममा पहुँच हुन्छ जुन अवसर औपचारिक शिक्षा क्षेत्रको शिक्षक शिक्षा संस्थाहरूलाई उपलब्ध हुँदैन । हाल बङ्गलादेशको शिक्षा मन्त्रालयले गैरसरकारी संस्थाहरूसँग मिलेर अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग आबद्ध गर्ने काम गरिरहेको छ । साथै शिक्षकहरूलाई समावेशी शिक्षामा तालिम दिने, अनौपचारिक क्षेत्रका अनुभवहरूको उपयोग गर्ने र यस्तो तालिमलाई विस्तार गर्दै औपचारिक, पूर्वसेवाकालीन र सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू बढीभन्दा बढी शिक्षकहरूलाई प्रदान गर्दै आएको छ ।

[6] UNESCO. 2012. Regiional Expert Meeting Report: Incusive Education through Quality Teacher Education in Asia-Pacific Bangkok, UNESCO.

[7] UNESCO. 2011. Follow-up Review of Primary Teachers' Training Program in Bangladesh - Final Report. Bangkok, UNESCO.

# चुनौती-३
# नीति कार्यान्वयन

## अवस्थाको विश्लेषण

### नीति निर्माताहरू र नीति कार्यान्वयनकर्ताहरूबीचको अन्तर

जब नीति निर्माताहरू र नीति कार्यान्वयनकर्ताहरूबीच दुरी उत्पन्न हुन्छ, शिक्षक शिक्षा संस्थाहरू, विद्यालयहरू र समुदायमा भएको यथार्थ धरातलका चुनौतीहरूलाई नीतिले प्रतिविम्बन गर्न सक्दैन । साथै यस्तो अवस्थामा नीति कार्यान्वयनप्रतिको पूर्ण बुझाइ र नीति कार्यान्वयनको स्वामित्व वा जिम्मेवारीमा कमी देखा पर्न सक्दछ। नीति निर्माता र नीति कार्यान्वयनकर्ताहरूबीच भएको दुरीले नीतिहरू स्पष्ट नहुनुका साथै स्थानीय परिवेशअनुरूप नहुन सक्दछन् । यस्तो दुरीबाट नीतिको कार्यान्वयनमार्फत शिक्षक शिक्षा संस्थाहरू, विद्यालयहरू र समुदायहरूमा अपेक्षित परिवर्तनहरू प्राप्त हुन सक्दैनन् । जब अभ्यासलाई ख्याल नगरी नीतिको निर्माण गरिन्छ तब नीति निर्माताहरू र नीति कार्यान्वयनकर्ताबीच अक्सर दुरी देखा पर्न सक्दछ ।

***विद्यालय शिक्षामा स्थानीय समुदायहरूको सहभागितालाई मान्यता दिने र सहयोग गर्ने नीतिहरूको आवश्यकता***

जब नीतिहरू निर्माणमा शिक्षक शिक्षा संस्था, स्थानीय समुदाय र विद्यालयको सहयोग वा क्रियाशील सहभागिता हुँदैन तब ज्ञान, सीपहरू र अनुभवहरू हराएर जाने डर हुन्छ । त्यसै गरी यदि स्थानीय समुदायका सदस्यहरू जस्तै : अभिभावक, परिवारहरू, सामुदायिक र धार्मिक समूह आदिले समावेशी शिक्षाको बुझाइ वा यसको कार्यान्वयन गर्न सक्रिय समर्थन गर्दैनन् भने यस्तो अवस्थाबाट सबै सिकारुको शिक्षामा सहयोग पुग्ने धेरै कम सम्भावना हुन्छ ।

सीमान्तकृत मानिस वा समुदायहरू (जस्तै : गरिबीमा रहेका मानिसहरू, अपाङ्गता भएका व्यक्तिहरू, जातीय र भाषिक सीमान्तकृत आदिवासी समुदायहरू, जनजातिहरू, आप्रवासी कामदारहरू, विकट क्षेत्रमा बस्ने मानिसहरू तथा महिलाहरू आदि) लाई शिक्षक शिक्षा संस्थाहरूमा अक्सर कमै प्रतिनिधित्व गराइन्छ वा बहिष्कार गरिन्छ। साथै यी समूहका सदस्यहरूलाई शिक्षण पेसामा प्रवेश गराउने नीति प्रायः नभएको र भइहाले पनि कमजोर वा फितलो रूपमा कार्यान्वयन भएको पाइन्छ ।

तपाईंले आफ्नो अवस्थाको विश्लेषण गर्न पैरवी कार्यक्रम सुरु गर्नुभन्दा अगाडि यी प्रश्नहरू सोध्न सक्नुहुन्छ :

- के तपाईंको संस्थागत परिवेशभित्र र बाहिर रहँदा नीति निर्माताहरूलाई समावेशी शिक्षाका सम्बद्ध र कार्यान्वयनयोग्य नीतिहरूको विकास गर्न सहयोग गर्न सक्नुहुन्छ ?
- कसरी स्थानीय तहका समुदायहरूलाई (जस्तै : अभिभावक, परिवारहरू, सामुदायिक र धार्मिक नेताहरू) समावेशी शिक्षा नीतिको विकास र कार्यान्वयन प्रक्रियामा सामेल गरिन्छ ?
- कसरी शिक्षक शिक्षा संस्थाहरूलाई स्थानीय समुदायका ज्ञान, सीप र अनुभवहरूलाई समावेशी शिक्षण र सिकाइमा भित्र्याउन सहयोग गर्न सकिन्छ ?

# पैरवी उद्देश्यहरू

## नीति पैरवी सन्देश - ६

*नीति निर्माता र नीति कार्यान्वयनकर्ताहरूले संयुक्त रूपमा समावेशी शिक्षा नीतिको कार्यान्वयनमा रहेका चुनौती र मुद्दाहरूबारे साझा बुझाइको विकास गर्न र यी कुराहरूको समाधान गर्न स्पष्ट रणनीतिको विकास गर्न सहकार्य गर्नुपर्दछ ।*

विशेष गरी शिक्षक शिक्षासँग सम्बन्धित नीतिको कार्यान्वयन शिक्षक शिक्षा संस्थाहरूमा मात्र नगरी शैक्षिक प्रणालीका विभिन्न तहहरू जस्तै : राज्य तह, क्षेत्रीय, प्रान्तीय र जिल्ला शिक्षा कार्यालयहरूमा पनि गरिन्छ । यी संस्थाहरू शिक्षक शिक्षा र शिक्षकका नियुक्ति तथा व्यवस्थापन गर्ने कामका लागि पनि जिम्मेवार छन् । जसरी नीति निर्माताहरू र नीति कार्यान्वयनकर्ताहरूले एकापसमा मिलेर नीतिको सफल कार्यान्वयन गर्न आवश्यक छ त्यसै गरी विभिन्न तहका प्रतिनिधिहरू समावेशी शिक्षा नीतिको विकास र कार्यान्वयन रणनीति बनाउन सहभागी हुनुपर्दछ । उदाहरणका लागि अपाङ्गता भएका विद्यार्थीहरूलाई शिक्षक शिक्षा संस्थाहरूमा नियुक्त गर्ने राष्ट्रिय नीति निर्माण गर्ने वा आफ्नो जिल्लामा यस्ता नीति कार्यान्वयन गर्नका लागि विशिष्ट भर्ना रणनीतिहरू निर्माण गर्ने काममा जिल्ला शिक्षा अधिकारीलाई संलग्न गराउन सकिन्छ ।

## नीति पैरवी सन्देश - ७

*शिक्षा नीतिहरूले शिक्षक शिक्षाका साथै स्थानीय शिक्षाका सरोकारवालाहरूको क्रियाशील सहभागितालाई सहयोग गर्नुपर्दछ*

पहिला नै उल्लेख गरिएअनुसार समावेशी शिक्षा नीतिहरूको सफलतामा स्थानीय सरोकारवालाहरूको सहभागिता महत्त्वपूर्ण हुन्छ । उनीहरूको सहभागीताले शिक्षालाई स्थानीय आवश्यकताहरू, चासोहरू र सबलताहरूप्रति सम्बद्ध र जिम्मेवार बनाउन मद्दत गर्दछ । नीतिहरूले स्थानीय स्रोत र साधनको पहिचान गरी तिनलाई स्थानीय पुँजी र स्रोतका रूपमा ग्रहण गर्नुपर्दछ । यसबाट स्थानीय समुदायमा हुने महत्त्वपूर्ण ज्ञान, सीप र अनुभवहरूको उपयुक्त प्रयोग शिक्षा प्रणालीले गर्न सक्दछ ।

शिक्षक र विद्यालय व्यवस्थापकहरूले शिक्षण, सिकाइ र विद्यालय व्यवस्थापनजस्ता कार्यहरूमा स्थानीय समुदायका सदस्यहरू जस्तै : अभिभावक, परिवारहरूलाई सहभागी बनाउन जरुरी हुन्छ । यसको विस्तृत व्याख्या पैरवी निर्देशिका ५ को विधिमा उल्लेख गरिएको छ । यस्तो प्रक्रियाबाट नीतिको निर्माण गर्दा नीतिलाई औपचारिक ढाँचामा राख्न फाइदा पनि हुन्छ । उदाहरणका रूपमा, विद्यालयहरूलाई समुदायसँग जोड्ने जिम्मेवारी प्रदान गर्दै समुदायका सदस्यहरूलाई विद्यालयमा हुने सिकाइमा प्रत्यक्ष सहभागी गराउने सम्भावनाहरूको खोजी गर्न सकिन्छ । नीतिद्वारा नै यस्तो प्रक्रियालाई अनिवार्य बनाउन सकिन्छ ।

नीतिहरूले स्थानीय समुदायहरू र शिक्षक शिक्षा संस्थाहरूबीच राम्रो सम्बन्धको विकास गर्न सहयोगी भूमिका खेल्न सक्दछन् । उदाहरणका लागि शिक्षक शिक्षा संस्थाहरू भएका क्षेत्रमा भएका विद्यालयलाई एकापसको सम्बन्ध सुमधुर गर्न क्रियाशील रूपले सहभागी गराउन सकिन्छ ।

निम्नलिखित कुराहरूद्वारा उपर्युक्त प्रक्रिया पुरा गर्न सकिन्छ :

- नीतिहरू जसले विद्यार्थी शिक्षकहरूलाई स्थानीय विद्यालयमा अभ्यास शिक्षण गर्न सहयोग गर्दछन् ;

- नीतिहरू जसको मद्दतद्वारा विद्यार्थी शिक्षकहरू र शिक्षक प्रशिक्षकहरूले आफ्नो समय स्वयंसेवीका रूपमा स्थानीय विद्यालयमा दिन सक्दछन् ;
- नीतिहरू जसको मद्दतले स्थानीय विद्यालयमा भएका सेवाकालीन शिक्षकहरूलाई थप तालिम र शिक्षक शिक्षा संस्थाहरूबाट आफ्नो योग्यता बढाउन सहयोग गर्दछन्, र
- नीतिहरू जसको मद्दतले स्थानीय स्तरमा सेवाकालीन शिक्षकहरू र विद्यालय व्यवस्थापन कर्मचारीहरूलाई अतिथि प्रवचनका लागि निम्त्याउन सक्दछन् वा पूर्वसेवा कालिन शिक्षक शिक्षा संस्थाहरूमा आफ्नो ज्ञान र सीप आदानप्रदान गर्न सहयोग गर्दछन् ।

शिक्षक शिक्षा संस्थाहरूमा पनि विद्यार्थी समूहका विविधताको विकास गर्नु आवश्यक छ । यस कार्यमा सीमान्तकृत समूह र सम्प्रदायका विद्यार्थीहरूलाई शिक्षक शिक्षामा प्रवेश गरी त्यसलाई पुरा गर्न र अन्ततोगत्वा शिक्षक पेसाको सुरुवात गर्न सहयोग गर्नुपर्दछ । उदाहरणका रूपमा शिक्षक शिक्षा संस्थाहरूले जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी अपाङ्गता भएका मानिसहरू र अल्पसङ्ख्यक जनजाति समुदायहरूलाई शिक्षक बन्नका लागि प्रेरित र सहयोग गर्नुपर्दछ ।

## भारतको उदाहरण

**शिक्षामा सामुदायिक सहभागिता** [8]

भारतको राजस्थानमा एउटा कार्यक्रमको विकास गरिएको छ जसले सक्रिय सामुदायिक संलग्नतालाई जोड दिँदै शिक्षालाई बढी समावेशी बनाएको छ । उक्त कार्यक्रमको नाम लोक जमविस रहेको थियो जसको सुरुवात गैर सरकारी संस्थाका रूपमा सन् १९९२ मा गरिएको थियो । यसका उद्देश्यहरूमा स्थानीय स्तरमा मूलप्रवाहको शिक्षाको विकास, प्रदर्शन, परिचालन र रूपान्तरण गर्नु थियो । साथै यसको अर्को उद्देश्यमा आधारभूत शिक्षामा प्रत्येक बालबालिकाको पहुँचको सुनिश्चितता गर्नु रहेको थियो । यसको प्रारम्भिक पहिचानको विन्दु भनेको शिक्षाको आपूर्ति मात्र नभई न्यून भर्नादर र सहभागिता दरका रुपमा देखिएको क्षमताहरूको अपुरो र अपूर्ण परिचालन पनि वास्तविक समस्या हो भन्ने थियो । स्वतन्त्रताका ५० वर्ष पछि समेत यस क्षेत्रका गाउँहरूका गरिब व्यक्तिमध्ये अति कम साक्षर पुरुष र महिलाहरू भेटिन्छन् ।

सुरुवातमा उक्त कार्यक्रमले समुदायलाई मात्र सहभागी नगराई शिक्षण समुदायलाई समेत संलग्न गर्ने आवश्यकताको पहिचान गरेको थियो । शिक्षकहरूलाई आदर एवं सम्मान र उनीहरूलाई तालिममार्फत सहयोग, उत्प्रेरणा र प्रोत्साहनलाई महत्त्वपूर्ण कार्यका रूपमा लिइएको थियो । यसको मूल मन्त्र गरेर सिकौँ र क्रमिक रूपमा प्रक्रियाको पुनरावलोकन गर्दै अगाडि बढौँ भन्ने रहेको थियो । यो प्रक्रिया परियोजनाको चनाखोपन र खुला संचार तथा सम्वादका बाटाहरूलाई व्यवस्थित राख्नसक्ने क्षमतामा निर्भर रहन्थ्यो । सुरुवातबाट समुदायको निर्माण र बनोट कसले गर्छ भन्ने कुरामा स्पष्टता आउनु जरुरी थियो । कार्यक्रमका कर्मचारीहरूलाई स्पष्ट रूपमा के भनिएको थियो भने शैक्षणिक प्रक्रियामा छुटेका मानिसहरूलाई प्राथमिकताका साथ कार्यक्रममा सहभागी गराउनुपर्दछ । यस कुरालाई शिक्षाका चुनौती र स्थानीय समुदायका बालबालिकाको शिक्षा विषयमा बहस चलाई पुरा गर्न सकिन्थ्यो ।

यस कार्यले समुदायको सहभागिता तबसम्म हुन सक्दैन जबसम्म कार्यक्रमले यथार्थ सहभागिताका लागि

[8] Adapted from : Ramachandran, V. 2001. 'Community Participation in Primary Education.' Innovations from Rajasthan. Economic and Political Weekly. Vol - XXXVI, No. 25, June 23, 2001.

आवश्यक विधिहरूको विकास र प्रवर्धन गर्न सक्दैन भन्ने कुराको महसुस गरायो । परिणामस्वरूप लोक जमविसका प्रयासका प्रथम दुई वर्ष विद्यालयको नक्साङ्कन गर्ने विधिको विकास र प्रवर्धनमा लगाइयो । त्यसैगरी सुरुका वर्षहरूमा गाउँ शिक्षा समिति र मूल कार्यक्रम समूहको निर्माण गर्न समय लागाइयो ।

अन्ततः लोक जमविसले गाउँ शिक्षा दर्ता अभिलेख, कक्षागत रूपमा विद्यार्थीको टिकाउ हुने अभिलेख र 'भवन निर्माण समिति' नामक भवन सम्भार र भवन निर्माण समिति भन्ने विद्यालय वातावरण मञ्चको अवधारणा ल्यायो ।

माथिको प्रक्रिया सहजै रूपमा केही विशेषताका साथ सँगसँगै अगाडि बढ्यो । लोक जमविसले यी विशेषतालाई अवलम्बन गर्‍यो । ती प्रक्रियाहरू निम्नानुसार छन् :

- सङ्कलित सूचनाहरूको विश्लेषण गर्न समुदायलाई सहभागी बनाउने र सबै बालबालिकालाई शिक्षाको पहुँच निश्चित गर्न उपायहरू र साधनहरूको खोजी गर्ने ।
- शक्तिहीनहरूलाई सहभागिताका लागि सशक्तीकरण गर्ने ।
- विशेषतः महिलाहरूलाई ठूलो मञ्चमा सहभागी हुन सूचना, ज्ञान र आत्मविश्वास प्राप्त गर्ने काममा सहयोग गर्न विशिष्ट रूपमा कार्य गर्ने ।
- बालबालिकालाई विद्यालयमा सहभागी भई त्यहीँ टिकिरहने बनाउन विद्यालय वातावरण (जस्तैः भवनहरू, बोटविरुवाहरू र पानी) मा सुधार ल्याउने काममा सहभागिता जनाउन समुदायमा माग गर्ने ।
- समुदायका थप शिक्षकहरू, भवनहरू जस्ता मागहरूलाई सम्वेदनशील रूपमा सम्बोधन गर्ने ।
- सरकारी कर्मचारीहरू, शिक्षकहरू र अन्य सरोकारवालाहरूलाई समुदायतर्फ जिम्मेवार बनाउने ।

अन्ततः यद्यपि यस परियोजनाको मुख्य जोड शिक्षा नीतिमा नभए पनि यसले कसरी स्थानीय समुदायहरूलाई शैक्षिक प्रणालीको विश्लेषण गर्न र यसलाई बढी समावेशी बनाउन सकिन्छ भन्ने प्रयासको स्पष्ट प्रदर्शन गरेको छ ।

### नीति पैरवी सन्देश - ८

*शिक्षा नीतिहरूको बुझाइ, समायोजन र विकास प्रक्रियामा स्थानीय शिक्षा सरोकारवालाहरूलाई सहभागी गराउन जरुरी छ ।*

स्थानीय शिक्षा सरोकारवालाहरूलाई विद्यमान नीतिहरूप्रति सचेत र संवेदनशील बनाउन, तिनको समायोजन गर्न र आवश्यक परेमा नयाँ नीतिहरू निर्माण गर्न लगाउनाका स्पष्ट फाइदाहरू रहेका छन् । यदि सरोकारवालाहरू जस्तै : शिक्षक प्रशिक्षकहरू, विद्यार्थी शिक्षकहरू, जिल्ला शिक्षा अधिकारीहरू, सुपरिवेक्षकहरू, प्रध्यानाध्यापकहरू, शिक्षकहरू, अभिभावकहरू, परिवारहरू र बालबालिकाले आफूलाई प्रत्यक्ष प्रभाव पार्ने नीतिहरू बारे बुझ्न र तिनमा आफ्नो आवाजको प्रतिविम्बन भएको छ भन्ने लागेमा त्यस्ता नीतिहरूलाई उनीहरूले बढी मूल्यवान् ठान्ने, समर्थन गर्ने र तिनको प्रभावकारी कार्यान्वयन हुन जान्छ। त्यसै गरी स्थानीय स्तरमा वास्तविक रूपमा सरोकारवालाहरूलाई नीति विकासमा सहभागी गराउनु भनेको त्यस्ता नीतिहरूलाई सम्भव भएसम्म वास्तविक र अर्थपूर्ण बनाउन अपनाउने राम्रो रणनीति हो ।

# चुनौती-४
# सामाजिक-आर्थिक नीति

## अवस्थाको विश्लेषण

**शिक्षा नीतिहरूको बजार केन्द्रित दृष्टिकोण र विशुद्ध समावेशी शिक्षाबीचको बेमेल**

शिक्षाको बजार केन्द्रित दृष्टिकोणले शिक्षालाई मुख्य रूपमा बजार क्षेत्रमा सुचारु हुने वस्तुका रूपमा लिएको छ जसमा प्रतिस्पर्धाद्वारा लाभको अपेक्षा गरिन्छ[9] । त्यसै गरी बजार केन्द्रित दृष्टिकोणले शिक्षालाई मूलतः सम्भावित आर्थिक फाइदाका[10] रूपमा लिएको पाइन्छ र यसका सामाजिक फाइदाहरूलाई बेवास्ता गरेको पाइन्छ । तथ्यहरूले देखाए अनुसार बजार केन्द्रित दृष्टिकोणले शिक्षाको समानतालाई शिक्षाको सामाजिक कार्यका विरुद्ध लिएका हुन्छन् । शिक्षालाई आधारभूत मानव अधिकारका रूपमा बुझ्नुले शिक्षालाई सार्वजनिक भलाइका[11] रूपमा लिइएको हुन्छ । तर शिक्षालाई बजार केन्द्रित वस्तुका रूपमा लिँदा यसलाई समावेशी शिक्षाको आशयविपरीत हेरिएको हुन्छ । शिक्षालाई बजार निर्देशित बनाउँदा समावेशी शिक्षाविरुद्ध विभिन्न रूपमा यसरी प्रभाव परेको हुन्छ :

- शिक्षक शिक्षा संस्थाहरू, विद्यालयहरू, शिक्षकहरूबीच सहकार्यात्मक दृष्टिकोणमाथि 'खुला बजार' को प्रतिस्पर्धी दृष्टिकोणले शिक्षकहरूको कार्य सम्पादनमा आधारित पारिश्रमिकमा सङ्कुचन कायम गर्न, निर्णयात्मक मूल्याङ्कनमा आधारित पद्धतिले समावेशी शिक्षालाई अवमूल्यन गर्न, अनावश्यक प्रतिस्पर्धा सिर्जना गर्न, शिक्षकहरूलाई निरुत्साहित गर्न र शिक्षण सिकाइका प्राविधिक पक्षहरूमा सङ्कुचन पैदा गर्न उत्प्रेरित गर्दछ ।
- सङ्कुचित मूल्याङ्कनका आधारहरूमा सिकाइ मापन गर्ने र मुख्य रूपमा स्तरीकृत परीक्षणमा बढी निर्भरता हुनसक्छ जसले परिक्षामा राम्रो गर्न नसक्ने विद्यार्थीहरूको सिकाइलाई बेवास्ता गर्दछ । यसरी सिकाइको मापन गर्ने सङ्कुचित अभ्यास बजारमुखी दृष्टिकोणले गर्नसक्छ । यसका बारेमा विस्तृत छलफल पैरवी निर्देशिका - ५ मा उल्लिखित विधिमा गरिएको छ ।
- शिक्षालाई सम्भावित सामाजिक फाइदाहरूको प्रवर्धन गर्ने र मूल्य मान्यता दिने सोचको सट्टा आर्थिक लाभ प्राप्तिको मुख्य माध्यमका रूपमा लिइने गरिन्छ ।
- शिक्षाको मूल्य मान्यता (सम्भावित रूपान्तरण) खास गरी समाजलाई आर्थिक लाभ दिन नसक्ने सिकारुको शिक्षा पहिचान गर्न नसक्नु (जस्तै : तिनीहरूलाई उच्च सीपयुक्त, उच्च पारिश्रमिक प्राप्त हुने रोजगारीका लागि उपयुक्त नठानिनु वा राष्ट्रको अर्थतन्त्रलाई योगदान दिनसक्ने भावी भूमिकाका रूपमा नहेरिनु ।)

---

9 Colclough, C. 1993. Who should Learn to play? An assessment of neo-liberal approaches to eduction policy, in Colclough, C. and Manor, J.,(eds). States of Markets?: Neo- Liberalism and the Development Policy Debate. Oxford, Oxford University Press.

10 Rizvi, F. and Lingard, B. 2006. Globalization and the Changing Nature of the OECD's Educational Work. In Lauder, H., Brown, P. Dillabough, J., and Halsey, A. H. (eds). Education, Globalization and Social Change. Oxford, Oxford University Press. Robertson, S. L. 2005. Re-imagining and rescripting the future of education: global knowledge economy discourses and the challenge to education systems. Comparative Education, 41:2,pp.151-70.

11 For analysis of the negative impacts of 'market driven' approaches to education policy on teachers, see, for example: Vongalis, A. 2004. Global Education Policy Directives: Impact on Teachers from the North and South. International Education Journal. 5(4), pp.488-501.

त्यसै गरी शिक्षा नीतिहरूलाई अन्य नीतिहरू तथा आर्थिक नीतिभन्दा फरक एकल रूपमा हेरिनु हुँदैन । आर्थिक नीतिको परिणामस्वरूप सामाजिक तथा शैक्षिक सेवामा कम स्रोतको प्रवाह हुनु (जस्तो, स्वास्थ सेवा) भनेको सामाजिक र शैक्षिक समावेशिताका विरुद्धमा काम हुनु हो । यद्यपि समावेशी शिक्षा केवल भौतिक सामग्री र आर्थिक स्रोतमा मात्र निर्भर नहुने भए तापनि (आर्थिक रूपमा कम स्रोत भएका विद्यालय र समुदायहरू पनि पूर्ण रूपमा समावेशी नहुन सक्दछन्) । सरकारले शिक्षामा आर्थिक सहयोग कम गर्ने नीति लिएमा अक्सर गुणस्तरीय शिक्षक शिक्षाका साथै शिक्षण र सिकाइ वातावरण निर्माणमा सहयोग पुर्‍याउन कठिन नै हुन्छ । उच्च गुणस्तरयुक्त शिक्षक शिक्षा र शिक्षण सिकाइको वातावरणमा मात्रै शिक्षामा सबै सिकारुहरूको उपस्थिति, सहभागिता र उपलब्धिलाई सहयोग गर्न सकिन्छ ।

**तपाईंले पैरवी कार्यक्रमको सुरुवात गर्नुअघि आफ्नो अवस्था विश्लेषण गर्न सहयोग पुऱ्याउने निम्न प्रश्नहरू सोध्न सक्नुहुनेछ :**

- शिक्षामा सामाजिक आर्थिक नीतिहरूको कस्तो प्रभाव रहेको हुन्छ ? के त्यस्ता नीतिहरू विद्यमान छन् जसले शिक्षामा समन्वय, संयोजन, सहकार्य र समावेशिताको मूल्यमा अत्यधिक जिम्मेवारी, प्रतिस्पर्धा र व्यक्तिवादितालाई प्रवर्धन गरिरहेका छन् ?
- समावेशी शिक्षा र खास गरी शिक्षक शिक्षामा लगानीका लागि तपाईंको देशको विद्यमान दृष्टिकोण के छ ? के शिक्षामा गरिने लगानीले सामाजिक र शैक्षिक समावेशिताविपरीत राजनैतिक सोचको प्रवर्धन गर्दछ ?
- तपाईंको संस्थागत परिवेशभित्र र बाहिर रहेका नीति निर्माताहरूलाई शिक्षाका (र अर्थसँग सम्बन्धित) एकीकृत नीतिहरूको निर्माण गर्न सघाउन सकिन्छ ? यस्ता नीतिलाई कसरी बजार केन्द्रित दृष्टिकोणमा भन्दा बढी समावेशिताको सिद्धान्तअनुकूल बनाउन सकिन्छ ?
- कसरी तपाईंले अस्पष्ट, अन्यायपूर्ण र गैरसमावेशी शिक्षा तथा आर्थिक नीतिहरूलाई चुनौती दिन सक्नुहुन्छ ? तपाईंले यस प्रक्रियामा सहयोग गर्न कुन सञ्जालमा पहुँच पुऱ्याउन सक्नुहुन्छ ?

## नीतिगत उद्देश्यहरू

### नीति पैरवी सन्देश-९

*राष्ट्रिय शिक्षा नीतिहरूको निर्माण बजार केन्द्रित दृष्टिकोणबाट नगरी शिक्षालाई सार्वजनिक भलाइका रूपमा लिने दृष्टिकोणमा आधारित हुनुपर्दछ । सुशासन र आर्थिक सहयोगले (राष्ट्रिय, प्रान्तीय र स्थानीय स्तरमा) यस्तो नीतिको प्रतिविम्बन गरेको हुनुपर्दछ ।*

समावेशी शिक्षाको निर्माण शिक्षालाई आधारभूत मानव अधिकारका रूपमा हेरिनुपर्दछ भन्ने सोचमा भएको हुनपर्दछ । तसर्थ सार्वजनिक भलाइका रूपमा शिक्षालाई प्रतिपादन गरिएको हो । शैक्षिक नीतिहरू र सम्बन्धित आर्थिक नीतिहरूले यस विचारलाई समर्थन गर्दै विस्तृत र पूर्ण एकीकृत समावेशी शैक्षिक प्रणालीको विकास गर्नुपर्दछ ।

राष्ट्रिय र प्रादेशिक नीति निर्माताहरू, शिक्षक शिक्षा संस्थाहरू, शिक्षकहरू र विद्यालयहरूलाई यस विचारअनुरूप काम गर्न प्रोत्साहन र सहयोग गर्नुपर्दछ र समावेशी शिक्षाका चुनौतीहरूलाई सम्बोधन गर्नुपर्दछ ताकि सबै तहहरूमा शैक्षिक नीतिको प्रवर्धनका लागि यस्तै समन्वयात्मक सहकार्यको दृष्टिकोण अपनाउन सकियोस् । यस्तो सहकार्यमा शिक्षक शिक्षा संथाहरू र शिक्षक संगठनहरूलाई मिलेर काम गर्न लगाउने (जुन देशहरूमा त्यस्ता संगठनहरू रहेका छन्) र शिक्षासम्बन्धी अन्तरसरकारी संस्था (जस्तै :

युनेस्को, युनिसेफ, विश्व बैंक आदि) तथा गैरसरकारी संस्थाहरूलाई समावेशी शिक्षाको प्रवर्धन गर्नका लागि सहभागी गराउनुपर्दछ ।

शिक्षामा गरिने उपयुक्त लगानी महत्त्वपूर्ण हुन्छ र विशेषतः समावेशी शिक्षक शिक्षाका लागि गरिने लगानीका मुख्य क्षेत्र यी हुन सक्दछन् :

- शिक्षक शिक्षा संस्थाहरूलाई अपाङ्गता भएका विद्यार्थीहरू, जातीय र भाषिक रूपमा सीमान्तकृत, दूरदराज ग्रामीण भेकका विद्यार्थीहरूलाई छनोट गर्ने काममा बढी समावेशी बनाउन सहयोग गर्न सकिन्छ । विद्यार्थीहरूलाई सहयोग गर्ने, पिछडिएका मानिसहरू (जस्तै : अपाङ्गता भएका मानिसहरू, गरिब, सीमान्तकृत जनजातिहरू, दुर्गम ग्रामीण क्षेत्रमा बस्ने मानिसहरू आदि) लाई आर्थिक सहायता प्रदान गर्ने संयन्त्रले यस्ता लक्षित समूहलाई सामान्यतः सामाजिक र शैक्षणिक समावेशिता प्रवर्धन गर्न सहयोग पुऱ्याएको देखिन्छ ।
- भरपर्दा अनौपचारिक शिक्षक शिक्षा कार्यक्रमहरू र औपचारिक पूर्वसेवाकालीन शिक्षक शिक्षा संस्थाहरूबीच समन्वय र सहकार्य गराउन सकिन्छ ।
- शिक्षकको पेसागत विकासको संस्कृति प्रवर्धन गर्ने जसले निरन्तर पेसागत विकासका अवसरहरू र आकर्षक परिश्रमिकमा पहुँच पुर्याउन सक्दछन् ।

## पैरवीले सकारात्मक प्रभाव पारेको कुरा कसरी भन्ने

पैरवी निर्देशिका - १ मा हामीले उल्लेख गरेअनुरूप पैरवीका लागि योजना बनाउँदा तिनका सूचकको निर्माण गरी कामको प्रक्रिया र सोको प्रभावको अनुगमन गर्नुपर्दछ । योजनाजस्तै सूचकहरू निर्माण गर्दा विभिन्न सरोकारवालाको सहभागिताबाट सहभागितात्मक प्रक्रिया अँगालेर गर्न जरुरी हुन्छ ।

निम्नलिखित सूचीले सम्भावित सूचकहरूका बारेमा जानकारी दिन्छन् । समावेशी शिक्षाका लागि गरिने पैरवीले नीतिहरूमा सुधार ल्याउँछ । यसबाट सरकारी मन्त्रालयहरू, प्रान्तीय र जिल्ला स्तरीय शिक्षा अधिकारीहरू, शिक्षक शिक्षा संस्थाहरू र विद्यालयलाई समावेशी शिक्षाका लागि तयार पार्न सहयोग हुन्छ । तलको सूचीलाई हामीले यस प्रयोजनका लागि विचार गर्न सक्छौं :

- अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरमा रहेका समावेशी शिक्षाका नीतिहरूलाई एकीकृत रूपमा आबद्ध गरिएको र सरकारी मन्त्रालयहरू, प्रान्तीय र जिल्ला शिक्षा कार्यालयहरू, शिक्षक शिक्षा संस्थाहरू र विद्यालयहरूमा रहेका सरोकारवालाहरू यी नीतिप्रति सचेत भई तिनको अभ्यासको उपयोगिताबारे सचेत भएमा ।
- शिक्षा मन्त्रालय र शिक्षक शिक्षा संस्थाहरूले नीतिहरू निर्माण गर्ने काम मिलेर गरी शिक्षक शिक्षालाई समावेशी बनाउन सुनिश्चित गरेमा ।
- शिक्षा (र सम्बन्धित) नीतिको पुनरावलोकन र विकास प्रक्रियाले विशेषतः शिक्षक शिक्षाको माध्यमद्वारा समावेशी शिक्षालाई सम्बोधन गरेमा ।
- शिक्षा मन्त्रालय र अन्य सम्बद्ध सरकारी मन्त्रालयहरू (जस्तै : स्वास्थ्य तथा समाज कल्याण) ले समावेशी शिक्षाबारे साझा दृष्टिकोण र समझदारी प्रदर्शन गरी समावेशी शिक्षा नीतिको अभिलेखीकरण र अभ्यासबारे अन्तरविभागीय दृष्टिकोणसहित सहकार्य गरेमा ।

- समावेशी शिक्षाको पुनरावलोकन, विकास र कार्यान्वयनको प्रक्रियामा सरकारी मन्त्रालय, शिक्षक शिक्षा संस्थाहरू, क्षेत्रीय र जिल्ला शिक्षा कार्यालयहरू र गैरसरकारी र अन्तरसरकारी संस्थाहरूबीच समन्वय भएमा ।
- नीति निर्माताहरू र नीति कार्यान्वयनकर्ताहरूले नीति कार्यान्वयनका मुद्दा र चुनौतीबारे साझा बुझाइसँगसँगै यी मुद्दाहरूलाई सम्बोधन गर्ने स्पष्ट रणनीतिहरूबारे स्पष्ट बुझाइ भएमा ।
- विभिन्न शिक्षक शिक्षा संस्थाहरूले समावेशी शिक्षाबारे समान अवधारणा एवम् शैक्षणिक दृष्टिकोण र अभ्यासहरूको प्रदर्शन गर्दै यस्ता तथ्याङ्कहरूको सङ्कलन अन्तरशिक्षक शिक्षा संस्थाहरूमा तुलनात्मक अनुसन्धानबाट गरी विभिन्न विधिहरू जस्तै : शिक्षक प्रशिक्षकहरू र विद्यार्थी शिक्षकहरूसँग अवलोकन, सर्वेक्षण र अन्तरवार्ताको प्रयोग गरेमा ।
- शिक्षा नीतिले स्थानीय सरोकारवालाहरूको (जस्तै : विद्यालय समुदायहरू) शिक्षक शिक्षामा क्रियाशील सहभागिताका लागि सहयोग गरेमा ।
- स्थानीय शिक्षा सरोकारवालाहरूले शिक्षा नीतिहरूको बुझाइ, समायोजन र विकास प्रक्रियामा सहभागिता जनाएमा ।
- शिक्षाको बढी बजार उन्मुख दृष्टिकोण जसले शिक्षालाई शुद्ध आर्थिक विषयवस्तुका रूपमा लिन्छ यसले वास्तवमै सामाजिक र शैक्षिक समावेशिताका विरुद्ध काम गर्छ भन्ने बुझाइ रहेमा । र
- शैक्षिक प्रणालीको सबै तहहरूमा शिक्षालाई राम्रो स्रोत र लगानी उपलब्ध भएमा ।

## अनुसूची

यस तालिकामा माथि भनिएका चुनौतीहरूमा उल्लिखित प्रत्येक पैरवी सन्देशहरूका लागि सम्भावित लक्ष्यहरू सुझाइएको छ । तपाईंका आफ्ना विचारहरूलाई राख्ने ठाउँ पनि दिइएको छ । आफ्ना सन्दर्भमा यी सन्देशहरूलाई व्यक्त गर्न प्रयोग गरिने विधि र माध्यम पनि तपाईंले प्रयोग गर्नुहुनेछ । तपाईंले आफ्ना सहपाठी र अन्य सरोकारवालाहरूसँग परामर्श गरी यी विचारहरूको विकास गर्ने लक्ष्य राख्नुपर्दछ । पैरवी र विधिहरूबारे थप सल्लाह पैरवी निर्देशिका - १ बाट प्राप्त गर्न सक्नुहुनेछ ।

| पैरवी सन्देश भनेको के हो ? | क-कसले यसबारे थाहा पाउनुपर्दछ ? | कसरी तपाईं यो सन्देश आफ्नो ठाउँमा दिन सक्नुहुन्छ ?* |
|---|---|---|
| "अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरमा नीतिहरूको पारस्परिक आबद्धताका लागि समावेशी शिक्षाका विद्यमान नीतिहरूप्रति सचेतना हुनु जरुरी छ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू<br>• स्थानीय र क्षेत्रीय शिक्षा कर्मचारीहरू<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक प्रशिक्षकहरू<br>• विद्यार्थी शिक्षकहरू<br>• सामुदायिक र गैरसरकारी संस्थाहरू | |

* **पैरवी निर्देशिका - १ मा दिइएको सुझावमा आधारित आफ्ना विचारहरू यस खण्डमा राख्नुहोस् ।**

| पैरवी सन्देश भनेको के हो ? | क-कसले यसबारे थाहा पाउनुपर्दछ ? | कसरी तपाईं यो सन्देश आफ्नो ठाउँमा दिन सक्नुहुन्छ ?* |
|---|---|---|
| "शिक्षा मन्त्रालय र शिक्षक शिक्षा संस्थाहरूले नीतिहरूको पुनरावलोकन र आबद्धता गर्नुपर्दछ र आवश्यकताअनुसार नयाँ नीतिहरूको विकास गर्नुपर्दछ जसले गर्दा शिक्षक शिक्षामा र यसमार्फत समावेशी शिक्षाप्रति विस्तृत दृष्टिकोण निर्माण गर्न सहयोग प्रदान गर्न सकियोस् ।" | • शिक्षा मन्त्रालयका कर्मचारी<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक प्रशिक्षकहरू | |
| "नीति प्रक्रियाको पुनरावलोकन, ऐक्यबद्धता र विकासले विशेष गरी शिक्षक शिक्षासँग सम्बन्धित समावेशी शिक्षाका मुद्दाहरूको सम्बोधनमा जोड दिने ।" | • शिक्षा मन्त्रालयका कर्मचारी<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक प्रशिक्षकहरू | |
| "शिक्षा मन्त्रालयहरूले स्पष्ट रणनीतिको विकास गरी समावेशी शिक्षाको जिम्मेवारी शिक्षा मन्त्रालयका विभिन्न विभागहरूमा वितरण गरिएको हुनुपर्दछ र सँगसँगै अन्य मन्त्रालयको समेत सहभागिता गराउनुपर्दछ ।" | • सम्बद्ध मन्त्रालयहरू (जस्तै : स्वास्थ्य, समाज कल्याण, महिला र अर्थ) का कर्मचारीहरू | |
| "समावेशी शिक्षाका लागि अपनाइने प्रभावकारी दृष्टिकोण शिक्षा मन्त्रालय, शिक्षक शिक्षा संस्थाहरू र गैरसरकारी/अन्तर सरकारी संस्थाहरूबीचको सम्बन्ध बलियो र दिगो समन्वयमा भर पर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारी<br>• शिक्षक शिक्षा संस्थाहरूका प्रमुखहरू<br>• गैरसरकारी र अन्तरसरकारी संस्थाका कर्मचारीहरू | |
| "नीति निर्माता र नीति कार्यान्वयनकर्ताहरूले संयुक्त रूपमा काम गरी समावेशी शिक्षा नीतिको कार्यान्वयनमा रहेका चुनौती र मुद्दाहरूबारे साझा बुझाइको विकास गर्ने र तिनको समाधानका लागि स्पष्ट रणनीतिको विकास गर्ने ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक शिक्षा संस्थाका कर्मचारीहरू<br>• गैरसरकारी र अन्तर सरकारी संस्थाका कर्मचारीहरू | |

*** पैरवी निर्देशिका - १ मा दिइएको सुझावमा आधारित आफ्ना विचारहरू यस खण्डमा राख्नुहोस् ।**

| पैरवी सन्देश भनेको के हो ? | क-कसले यसबारे थाहा पाउनुपर्दछ ? | कसरी तपाईं यो सन्देश आफ्नो ठाउँमा दिन सक्नुहुन्छ ?* |
|---|---|---|
| "शिक्षा नीतिहरूले शिक्षक शिक्षा र शिक्षामा स्थानीय शिक्षा सरोकारवालाहरूको सक्रिय सहभागितालाई सहयोग गर्नुपर्दछ । " | • शिक्षा मन्त्रालयका कर्मचारीहरू<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक शिक्षा संस्थाका कर्मचारीहरू<br>• विद्यालय सामुदायका सदस्यलगायत स्थानीय शिक्षा सरोकारवालाहरू | |
| "स्थानीय शिक्षा सरोकारवालाहरू शिक्षा नीतिको बुझाइ, समायोजन र विकास गर्ने प्रक्रियामा सहभागी हुनुपर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• शिक्षक प्रशिक्षकहरू | |
| "राष्ट्रिय शिक्षा नीतिहरूको केन्द्रविन्दु भनेको शिक्षालाई सार्वजनिक भलाइ मान्ने विचार हो । यसलाई बजार केन्द्रित दृष्टिकोणबाट हेरिनु हुँदैन । सुशासन र आर्थिक सहयोग (राष्ट्रिय, क्षेत्रीय वा प्रान्तीय र स्थानीय स्तरमा) ले यस कुराको प्रतिविम्बन गरेको हुनुपर्दछ ।" | • शिक्षा मन्त्रालयका कर्मचारीहरू<br>• शिक्षक शिक्षा संस्थाका प्रमुखहरू<br>• क्षेत्रीय वा प्रान्तीय स्तरका शिक्षा अधिकारीहरू | |

* **पैरवी निर्देशिका - १ मा दिइएको सुझावमा आधारित आफ्ना विचारहरू यस खण्डमा राख्नुहोस् ।**

# अनुवादकको भनाइ

यो प्रतिवेदन युनेस्को बैककबाट प्रकाशित “समावेशी शिक्षक शिक्षाको प्रवर्धन” (Promoting Inclusive Teacher Education)को नेपाली अनुवाद हो । अनुवाद सरल हुनुपर्छ भन्ने मान्यताका आधारमा यसको अनुवाद गरिएको छ । पाठकलाई बुझ्न सजिलो होस् भनेर वाक्य सकेसम्म छोटा बनाउने प्रयास गरिएको छ । अनुवादको सबैभन्दा सानो एकाइ शब्दलाई नभएर बाक्यलाई बनाइएको कारण शब्दको हुबहु नेपाली रुपान्तरण फेला नपर्न सक्छ । तर, वाक्यको मूल भाव यथावत् राखिएको छ । यद्यपि तथ्यगत कुराहरु र समावेशी शिक्षा क्षेत्रका प्राविधिक शब्दहरुको भने शब्दानुवाद नै गरिएको छ । यस प्रतिवेदनलाइ नेपालीमा अनुवाद गर्ने जिम्मेवारी दिनु भएकोमा युनेस्को काठमाडौंका प्रमुख क्रिश्चियन म्यानहार्ट तथा शिक्षा एकाइ प्रमुख तपराज पन्त लगायत ध्रुब क्षेत्रीप्रति आभार व्यक्त गर्दछु ।

**प्रा. वासुदेव काफ्ले**
प्रमुख, समावेशी शिक्षा विभाग
त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर

# 'समावेशी शिक्षक शिक्षाको प्रवर्धन' शृङ्खलाभित्र ५ वटा पैरवी निर्देशिकाहरू छन् ।

## पैरवी निर्देशिका १ : परिचय

यसमा उल्लिखित परिचयात्मक सामग्रीले पैरवी निर्देशिकाहरूको सान्दर्भिक परिचय गराउँदछ, र तिनको निर्माण सम्बन्धमा पृष्ठभूमि बताउँदछ । यसले समावेशी शिक्षाको परिचय गराउँछ र के गर्दा प्रभावकारी पैरवी हुनसक्छ, कसले यस्तो पैरवी गर्नसक्छ अनि कसरी पैरवी गर्न सकिन्छ भन्ने कुराहरूलाई समेट्दछ । यस परिचयात्मक पुस्तिकाले नीति, पाठ्यक्रम, सामग्री र विधि सम्बन्धमा बनेका निर्देशिका पुस्तिकाहरूको बारेमा पनि समग्रमा जानकारी दिन्छ ।

## पैरवी निर्देशिका २ : नीति

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षासम्बन्धी नीतिमा रहेका चुनौती तथा बाधक तत्वहरूमा ध्यानाकर्षण गराउँदछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि र शिक्षा मन्त्रालयजस्ता निकायहरूलगायत शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि समावेशी नीतिको पक्षपोषण गर्नका साथै यस्तो नीतिको अवलम्बन र कार्यान्वयनमा सघाउने मनसायले त्यस दिशामा उपयोगी हुनसक्ने रणनीतिहरू र समस्या समाधानका उपायहरू प्रदान गर्दछ ।

## पैरवी निर्देशिका ३ : पाठ्यक्रम

यस पैरवी निर्देशिकाले पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा रहेका चुनौती र बाधा-अड्चन हरूका बारेमा चर्चा गर्दछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि, समावेशी पाठ्यक्रमको मान्यता अवलम्बन गर्नका साथै यस्तो पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्न सघाउ पुऱ्याउने अभिप्रायले उक्त कार्यहरूमा उपयोगी हुनसक्ने रणनीतिहरू र समस्या समाधानका उपायहरू प्रस्तुत गर्दछ ।

## पैरवी निर्देशिका ४ : सामग्रीहरू

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण-सिकाइका सामग्रीहरूमा रहेका चुनौति र बाधा-अड्चनहरूमा प्रकाश पार्दछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि समावेशी पठन-पाठन सामग्रीको मान्यता अवलम्बन गर्नका साथै यस्ता पठन-पाठन सामग्रीहरूको निर्माण र कार्यान्वयन गर्न अभिप्रायले उक्त कार्यहरूमा उपयोगी हुनसक्ने रणनीति र समस्या समाधानका उपायहरू प्रस्तुत गर्दछ ।

## पैरवी निर्देशिका ५ : विधि

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षा प्रदायक संस्थामा प्रचलित शिक्षण विधिमा रहेका चुनौती र बाधाहरूमा जोड दिन्छ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरूका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरूका लागि समावेशी शिक्षण विधिको मान्यता अवलम्बन गर्नका साथै यस खालको शिक्षण पद्धतिबाट निर्देशित भएर शिक्षण विधिहरूको प्रयोग गर्न-गराउनका लागि उपयोगी हुनसक्ने रणनीतिहरू र समस्या समाधानका उपायहरू प्रस्तुत गर्दछ ।

United Nations
Educational, Scientific and
Cultural Organization

**UNESCO Bangkok**
Asia and Pacific Regional Bureau for Education

Mom Luang Pin Malakul Centenary Building
920 Sukhumvit Road, Prakanong, Klongtoey
Bangkok 10110, Thailand
E-mail: appeal.bgk@unesco.org
Website: www.unesco.org/bangkok
Tel: +66-2-3910577 Fax: +66-2-3910866